# स्थानीय निकायमा दलित महिला प्रतिनिधिको भूमिका र चुनौती

## अध्ययन प्रतिवेदन



FEDO

**दलित महिला संघ (फेडो)**
कुपण्डोल, ललितपुर

| नेपालमा दलित महिलामाथि हुने हिंसाको अवस्था अध्ययन प्रतिवेदन | |
|---|---|
| **प्रकाशन** | : दलित महिला संघ (फेडो) |
| **प्रकाशन मिति** | : २०७८ |
| **सर्वाधिकार** | : दलित महिला संघ (फेडो) |
| **प्रकाशन सहयोग** | : Dan Church Aid DCA actalliance |
| **लेखन/सम्पादन:** | : जेबी विश्वकर्मा |
| **मुद्रण** | : जीजी प्रिन्ट एण्ड अफिस सपोर्ट |


यस संस्थाको पूर्व स्वीकृतीबिना यस पुस्तकलाई वा यसको कुनै अंशलाई बौद्धिक तथा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिन्छ।

# प्राक्कथन

नेपालमा राजनीतिक रूपान्तरणका लागि निकै लामो समयदेखि आन्दोलन र संघर्ष भइरहेका छन्। यस्ता राजनीतिक आन्दोलनले नेपालको राजनीतिक व्यवस्था नै परिवर्तन गरिदिएका छन्। तिनै आन्दोलनका कारण वि.सं. २००७ सालमा नेपालमा जहानीय निरङ्कुश राणा शासन अन्त्य भएको थियो भने वि.सं. २०४६ मा निर्दलीय पञ्चायती व्यवस्थाको पनि अन्त्य भएको थियो। यसैगरी तत्कालीन नेकपा (माओवादी) को नेतृत्वमा भएको दशवर्षे जनयुद्ध र वि.सं. २०६२/६३ को जनआन्दोलनको सफलतासँगै नेपाल निरङ्कुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा प्रवेश गरेको हो। यही आन्दोलनकै जगमा गठन भएको संविधानसभाबाट नेपालको संविधान २०७२ जारी भएपछि भने नेपालमा संघीयता शासनव्यवस्थाको कार्यान्वयनको चरण सुरू हो। यद्यपि, वि.सं. २०७४ संघीय, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएर तीनओटै तहमा सरकार गठन भएपछि संघीयताको वास्तविक कार्यान्वयन सुरू भएको मान्न सकिन्छ।

नेपालको संघीय शासनव्यवस्थाअनुरूप ७५३ ओटा स्थानीय सरकार गठन भएका छन्। वि.सं. २०७४ मा निर्वाचन सम्पन्न भएपछि ती स्थानीय सरकार सञ्चालनमा आएका हुन्। नेपालको संविधान २०७२ ले नेपालको शासनव्यवस्था समावेशी चरित्रको हुनुपर्ने कुरा निर्दिष्ट गरेको छ। राज्यमा विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति आदिको समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ। सोहीअनुरूप स्थानीय तह निर्वाचन ऐन, २०७३ ले पनि स्थानीय सरकारको नेतृत्वदायी पदहरू जस्तै : मेयर वा उपमेयरमध्ये एकजना महिला हुनैपर्ने र वडामा कम्तीमा एकजना दलित समुदायका महिला जनप्रतिनिधि निर्वाचित हुनै पर्ने व्यवस्था गरिएको छ। यी संवैधानिक र कानुनी व्यवस्थाका कारण नेपालको इतिहासमै पहिलो पटक स्थानीय तहमा दलित महिलाको उल्लेख्य प्रतिनिधित्व भएको छ। यद्यपि, स्थानीय सरकार सञ्चालनको मुख्य नेतृत्वदायी भूमिकामा दलित महिलाको प्रतिनिधित्व नगन्य मात्रामा छ।

संघीयताको कार्यान्वयनसँगै दलित महिला स्थानीय तहमा जनप्रतिनिधिको भूमिकामा पुग्नु आफैंमा एउटा महत्वपूर्ण उपलब्धी हो। दलित आन्दोलनले राज्यसत्तामा प्रतिनिधित्वको मागसहित निरन्तर आन्दोलन गरेकै कारण कम्तीमा वडास्तरमा दलित महिलाको प्रतिनिधित्व भएको छ। राजनीतिक सत्ता र शक्ति-अभ्यास गर्ने स्थानमा दलित समुदायका महिला जनप्रतिनिधि निर्वाचित भएपछि दलित समुदायले पनि निकै ठूलो अपेक्षा गरेका छन्। स्थानीय सरकारमा रहेको शक्ति संरचनामा दलित महिलाले सहजै काम गर्न सक्ने अवस्था भने बन्न सकेको छैन। तथापि, दलित समुदायका महिला जनप्रतिनिधिले सकेसम्म समुदायका मुद्दा उठाउने र स्थानीय सरकारलाई जवाफदेही बनाउने प्रयन्त निरन्तररूपमा गरिरहेका छन्।

नेपालमा पहिलो पटक अभ्यास गरिएको संघीय शासनव्यवस्थामा पहिलो पटक राजनीतिक सत्तामा पुगेका दलित समुदायका महिला प्रतिनिधिले अधिकारका पक्षमा काम गर्ने कुरा आफैंमा चुनौतीपूर्ण नै छ। स्थानीय तहमा दलित समुदायका महिला जनप्रतिनिधिले कस्ता उपलब्धी हासिल गरेका छन् र कस्ता चुनौतीको सामना गर्नु परेको थियो भन्ने विषयमा जानकारीका लागि यो अध्ययन गरिएको हो। मूलतः दलित समुदायका महिला जनप्रतिनिधिको अनुभवका आधारमा गरिएको यो अध्ययनले बिगतको समीक्षा गर्ने र आगामी दिनमा दलित महिला जनप्रतिनिधिको भूमिकालाई थप सशक्त पार्न सहयोग पग्ने अपेक्षा दलित महिला संघले गरेको छ। यो अध्ययनका लागि सातओटै प्रदेशमा पुगेर दलित महिलाका अनुभवबारे छलफल गरी यो अध्ययन गर्ने लेखक तथा अध्येता जेबी विश्वकर्माप्रति विशेष आभारी छौं। यसैगरी पाँचवर्षसम्म स्थानीय तहमा विभिन्न भूमिका र जिम्मेवारीम निर्वाह गरिरहनु भएका स्थानी तहका दलित समुदायका महिला जनप्रतिनिधिले आफ्ना अनुभव र भोगाई बाँडनूभएकोमा उहाँहरू सबैलाई धेरै धेरै धन्यवाद प्रदान गर्दछौं। यसका साथै छलफलका लागि सहयोग गर्ने दलित महिला संघका जिल्लास्थित सहकर्मीहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दछौं। यो अध्ययनको सम्पूर्ण व्यवस्थापन र संयोजक गर्ने दलित महिला संघका ..... सुरेश विश्वकर्माका साथै प्राविधिकरूपमा सहयोग पुऱ्याउने डान चर्च एड (डीसीए)प्रति पनि हामी आभारी छौं।

रेणु सिजापती
महासचिव

कला स्वर्णकार
अध्यक्ष

# विषयसूची

**अध्याय एक** : पृष्ठभूमि ........................................................ १
**अध्याय दुई** : अध्ययनको उद्देश्य, विधि र सीमा .................................. ६
**अध्याय तीन** : स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व .................... ९
**अध्याय चार** : दलित समुदायका महिला जनप्रतिनिधिको भूमिका............... १५
**अध्याय पाँच** : स्थानीय तहमा दलित समुदायका महिला जनप्रतिनिधिका उपलब्धी. २५
**अध्याय छ** : जनप्रतिनिधिका रुपमा दलित समुदायका महिला जनप्रतिनिधिले भोगेका समस्या र चुनौती .................................... ३५
**अध्याय सात** : निष्कर्ष र सुझाब ............................................ ४३

# अध्याय एक

## पृष्ठभूमि

नेपाली समाजको रूपान्तरण गर्दै जातीय, वर्गीय, लैङ्गिक र अन्य विभेदको अन्त्यका लागि निरन्तर आन्दोलन चलिरहेको छ। महिलामाथि भइरहेको विभेदविरुद्ध निकै लामो समयदेखि संघर्ष जारी छ भने वि.सं. २००३ बाट दलित समुदायले जात व्यवस्थाविरुद्ध संगठित रूपमा आन्दोलन गर्दै आइरहेका छन्।

वर्गीय, जातीय र लैङ्गिक विभेदविरुद्ध एकातिर सामाजिक आन्दोलन भइरहेका छन् भने अर्कोतिर राजनीतिक रूपमा पनि यी मुद्दा जबरजस्त उठिरहेका छन्। तिनै आन्दोलनको परिणामस्वरूप राज्यका सबै निकायमा जातजाति, लिङ्ग, भाषा-संस्कृति र समुदायको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने माग सशक्त रूपमा उठ्यो। त्यसैले नेपालले संवैधानिक र राजनीतिक रूपमा समानुपातिक समावेशीकरणलाई स्वीकार गरेको छ। अन्तरिम संविधान २०६३ हुँदै संविधान सभाबाट बनेको नेपालको संविधान २०७२ ले समानुपातिक समावेशीकरणलाई संवैधानिक रूपमा स्वीकार गरेको छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा दलित समुदायको जनसंख्या कूल जनसंख्याको १३.८ प्रतिशत छ। यो समुदाय ऐतिहासिक रूपमा राजनीतिक क्षेत्रमा निरन्तर बहिस्करणमा पारिँदै आएको छ भने आर्थिक क्षेत्रमा उत्पादनका साधनबाट बञ्चितीकरणमा पारिँदै आएका छन्। यसैगरी सामाजिक-सांस्कृति रूपमा दैनिक

जीवनमा छुवाछूत-भेदभावजस्तो अमानवीय व्यवहार समेत भोग्न बाध्य छन्। नेपाललाई औपचारिक रूपमा लोकतान्त्रिक मुलुक भनिए पनि जातीय, लैङ्गिक, भाषिक-सांस्कृतिक विभेद कायम छ। यस्तो विभेद रहँदासम्म मुलुकमा औपचारिक लोकतन्त्र रहे पनि उत्पीडन र बहिस्करणमा पारिएको लैङ्गिक र जातीय समुदायले लोकतन्त्रको अनुभूति गर्न सक्ने अवस्था रहँदैन। त्यसैले नेपालको सामाजिक विविधतालाई प्रतिनिधित्व गर्ने समावेशी लोकतन्त्रका स्थापनाका लागि निरन्तर संघर्ष हुँदै आइरहेको छ जुन अहिले पनि जारी छ।

दलित समदुायलाई राज्यव्यवस्थाले नियोजित रूपमा राजनीतिक प्रतिनिधित्वबाट बञ्चित गरेका कारण यो समुदायमाथि भएको ऐतिहासिक विभेदको क्षतिपूर्ति सहित समानुपातिकमा १० प्रतिशत थप प्रतिनिधितव हुनुपर्ने माग दलित आन्दोलनले उठाउँदै आएको थियो ।तर, दोस्रो संविधानसभाबाट नयाँ संविधान जारी हुँदा संवैधानिक रूपमा समानुपातिक समावेशी सिद्धान्तलाई मौलिक हकअन्तर्गत धारा ४२ मा स्वीकार गरियो तर परिणाममा दलितलगायत विभेद र बहिस्करणमा पारिएका समुदायको समानुपातिक समावेशीकरण सुनिश्चित हुने निर्वाचन प्रणाली अपनाइएन। नयाँ संविधानले व्यवस्था गरेको निर्वाचन प्रणालीले मिश्रित निर्वाचन प्रणालीअन्तर्गत संघीय संसद र प्रदेशसभामा ६० प्रतिशत पहिलो हुने निर्वाचित हुने प्रणाली र ४० प्रतिशत समानुपातिक प्रणाली अपनाउने व्यवस्था संविधानले गरेको छ। यस्तो निर्वाचन प्रणालीले संसदमा दलितको प्रतिनिधित्व बढाएको भए पनि परिणाममा समानुपातिक प्रतिनिधित्व गराउन सकेन। संघीय संसदमा १९ जना (६.९१ प्रतिशत), राष्ट्रियसभामा ७ (११.८६ प्रतिशत) गरी जम्मा २६ जना (७.७८ प्रतिशत) र सातओटा प्रदेशसभा सदस्यमध्ये ३२ जना (५.८२ प्रतिशत) मात्रै प्रतिनिधित्व हुनु यसैको परिणाम हो। संविधानले व्यवस्था गरेको समानुपातिक समावेशी सिद्धान्त निर्वाचन परिणाममा प्रतिबिम्बित हुन सकेको छैन अर्थात बहिस्करणको निरन्तरता कायमै छ।

यसैगरी राज्यको विभेदकारी आमूल परिवर्तनका लागि राज्यको नीति निर्माण गर्ने स्थानमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व पुगेको छ। यद्यपि, महिलाभित्र पनि दलित

महिलाको समानुपातिक प्रतिनिधित्व पुग्न सकेको छैन। नयाँ संविधान जारी भएपछि सम्पन्न पहिलो स्थानीय तहको निर्वाचनमा स्थानीय तह निर्वाचन ऐन–२०७३ ले स्थानीय सरकारमा दलितको समानुपातिक समावेशीकरणको सिद्धान्तलाई आत्मसाथ गर्न सकेको छैन यद्यपि, कम्तीमा वडास्तरमा निर्वाचित हुने दुईजना महिला प्रतिनिधिमध्ये कम्तीमा एकजना दलित समुदयको महिला नै हुनुपर्ने बाध्यात्मक व्यवस्थाका गरेको छ। ऐनको निर्वाचन प्रणालीसम्बन्धी दफा ६ को उपदफा (२)ले गाउँपालिका वा नगरपालिकाको वडा समितिका एकजना दलित महिलासहित दुई महिला वडा सदस्य हुने व्यवस्था गरेको छ। यसका साथै उपदफा (४) ले गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँसभा वा नगर सभाका सदस्यले गाउँकार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुईजना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना निर्वाचित हुने व्यवस्था पनि गरेको छ।

निर्वाचनसम्बन्धी ऐनले कम्तीमा प्रत्येक वडामा एकजना दलित महिला अनिवार्य निर्वाचित हुनुपर्ने व्यवस्था गरेका कारण वि.सं. २०७४ मा सम्पन्न स्थानीय निर्वाचन स्थानीय तहमा दलित महिलाकै लागि छुट्याइएको सिटमा ६,५६४ दलित महिला वडा सदस्यका रूपमा निर्वाचित भएका छन् भने महिला सिटमा पनि केही दलित महिला निर्वाचित भएका छन्।[१] यसका साथै केही दलित महिला प्रतिनिधि खुला सिटमा पनि निर्वाचित भएका छन्। ७५३ स्थानीय सरकार वा गाउँ वा नगर कार्यपालिकामा जम्मा १३ हजार ३२० जना प्रतिनिधि निर्वाचित भएका छन्। स्थानीय सरकारको नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने मुख्य थलो पालिकामा निर्वाचितमध्ये २ हजार ५७ जना दलित समुदायका प्रतिनिधि रहेका छन् जुन जम्मा स्थानीय कार्यपालिकाको १५.४४ प्रतिशत हो। यसरी निर्वाचितमध्ये दलित महिला भने ९९५ जना मात्रै छन्। दलित समुदायको जनसंख्याको अनुपातमा स्थानीय कार्यपालिकामा दलित समुदायको प्रतिनिधित्व समानुपातिक देखिन्छ। यद्यपि, स्थानीय कार्यपालिकाको मुख्य नेतृत्वमा भने उनीहरूको

*१ नेपालमा जम्मा ६ हजार ६८४ ओटा वडाहरु छन्। तथापि, सबै वडामा दलित समुदायको बसोबास नरहेका कारण ६ हजार ५६४ जना मात्रै दलित महिलाको सिटबाट निर्वाचित भएका थिए।*

प्रभावकारी प्रतिनिधित्व हुन सकेको छैन। दलित समुदायबाट निर्वाचित वडा सदस्य वा कार्यपालिका सदस्यको आवाज स्थानीय सरकारमा बलशाली वा निर्णायक बन्न सक्ने अवस्था भने छैन। गैरदलित समुदाय र पुरुषकै बोलवाला भएका कारण दलित महिलाहरूले परम्परागत जातीय सत्तासँग संघर्ष गर्दै आफ्नो समुदायको हितका लागि काम गर्ने प्रयत्न गरिरहेका छन्।

यो अध्ययन मूलतः स्थानीय तहमा निर्वाचित दलित महिलालाई दिइएको जिम्मेवारी, निर्वाह गरेको भूमिका, उपलब्धी र भोग्नु परेका चुनौतीको सवालमा केन्द्रित रहेको छ। उनीहरूले जनप्रतिनिधिको भूमिका निर्वाह गर्दा सामना गर्नु परेका चुनौती र ती चुनौतीको सामना गर्न गरिएका प्रयास आदिबारे दलित महिला जनप्रतिनिधिका अनुभवका आधारमा यो अध्ययन गरिएको हो।

## अध्याय दुई

# अध्ययनको उद्देश्य, विधि र सीमा

## अध्ययनको उद्देश्य

नेपालको लागि संघीयता बिलकुल नयाँ राजनीतिक संरचना हो। संघीयताको कार्यान्वयनका क्रममा ७५३ ओटा स्थानीय निकायको गठन भयो। यस्तो नयाँ राजनीतिक संरचना सञ्चालनका लागि सबै स्थानीय सरकारलाई जटिलता थियो। यसका साथै स्थानीय तहको वडामा कम्तीमा एकजना दलित महिला अनिवार्य निर्वाचित हुनुपर्ने प्रावधानका कारण नेपालको इतिहासमै पहिलो पटक निकै ठूलो संख्यामा दलित महिला स्थानीय तहमा निर्वाचित भए। नयाँ शासकीय संरचनामा शक्ति-अभ्यासका क्रममा स्थानीय तहमा निर्वाचित दलित महिलाले स्वभाविक रूपमा नयाँ अनुभव बटुलेका छन्। करिब पाँच वर्ष स्थानीय तहमा जनप्रतिनिधिको भूमिकामा रहेका दलित महिला जनप्रतिनिधिलाई दिइएको भूमिका, जिम्मेवारी, उपलब्धी र चुनौतीबारे जानकारी हासिल गर्ने उद्देश्यले यो अध्ययन गरिएको हो। यो अध्ययनका मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

- दलित समुदायबाट निर्वाचित प्रतिनिधिलाई स्थानीय तहमा तोकिएका जिम्मेवारी, निर्वाह गरेको भूमिका र उपलब्धीबारे जानकारी प्राप्त गर्ने।
- दलित र महिला भएकै कारण प्रतिनिधिहरूले कस्ता–कस्ता चुनौतीको सामना गर्नु परेको थियो भन्ने विषयमा जानकारी लिने।

- दलित महिला जनप्रतिनिधिको भूमिका सशक्त बनाउन आगामी दिनमा कस्तो रणनीति आवश्यक छ भन्ने समीक्षा गर्दै स्थानीय सरकार, राजनीतिक दल र दलित संघसंगठनलाई सुझाव प्रदान गर्ने ।

## अध्ययन विधि

यो अध्ययन विशेषतःदलित समुदायबाट निर्वाचित महिला प्रतिनिधिको अनुभवलाई आधार मानेर गरिएको हो । यो अध्ययनका क्रममा नेपालमा समावेशीकरणका साथै दलित र महिलाको राजनीतिक प्रतिनिधित्वबारे प्रकाशित साहित्यको अध्ययन गरिएको छ। यसैगरी दलित महिलाका अनुभव संकलन गर्ने क्रममा सात ओटै प्रदेशका विभिन्न जिल्लाका ११६ जना दलित महिला प्रतिनिधिसँग २३ओटा समूहगत छलफल गरिएको छ । यसरी समूहगत छलफलका साथै लुम्बिनी र प्रदेश २ मा आयोजना गरिएका दलित महिला जनप्रतिनिधिको सम्मेलनमा उठेका विचारलाई पनि यो अध्ययनमा समावेश गरिएको छ।

## अध्ययनको सीमा

स्थानीय तहको निर्वाचनबाट देशैभरि करीब सातहजार दलित महिला वडा सदस्यका रूपमा निर्वाचित भएका छन्। निर्वाचित दलित समुदायका जनप्रतिनिधिमध्ये केही व्यक्तिसँगको छलफल र दुईओटा सम्मेलनमा उठेका सवाललाई यो अध्ययनमा समावेश गरिएको छ। यो अध्ययनले देशैभरि रहेका सबै दलित समुदायका स्थानीय जनप्रतिनिधिको आवाज नसमेट्न सक्छ। यद्यपि, ती जनप्रतिनिधिको प्रतिनिधिमुलक आवाजलाई भने यो अध्ययनले समेटेको छ। यसैगरी बिगतको करिब पाँचवर्षको अवधिमा दलित समुदायका जनप्रतिनिधिले फरक-फरक सामाजिक-राजनीतिक परिवेशमा विभिन्न भूमिकामा रहेर काम गरेका छन्। भूमिका, जिम्मेवारी र वस्तुगत अवस्थाका कारण ती प्रतिनिधिले कतिपय अवस्थामा सफलता हात पारेका छन् भने कतिपय अवस्थामा विभिन्न किसिमका चुनौती भोगेका छन्। दलित समुदायमा जनप्रतिनिधिले प्राप्त गरेका भूमिका, उपलब्धी र चुनौतीलाई एउटै अध्ययनमा समावेश गर्न सकिँदैन। त्यसैले उनीहरूको भूमिका, समस्या र संघर्षका प्रतिनिधिमुलक विचार मात्रै यो अध्ययनमा समेटिएको छ।

## अध्याय तीन

# स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व र भूमिका

## प्रतिनिधित्वको अवस्था

नेपालका दलित महिलाले जात व्यवस्थाले निर्धारण गरिदिएको राजनीतिक बहिस्करण, आर्थिक उत्पीडन वा बञ्चितीकरणका साथै सामाजिक-सांस्कृतिक रूपमा छुवाछूत-भेदभाव भोग्न बाध्य पारिँदै आएका छन् । यसका साथै दलित महिला हिंसा, अत्याचार र शोषणका कारण अति सिमान्तीकरणमा पारिएका छन् । नेपालमा निकै लामो समयदेखि महिला आन्दोलन भइरहेको छ तथापि जात व्यवस्थाका कारण चरम उत्पीडनमा पारिएका दलित महिलाका सवाल मूलधारको मानिने महिला आन्दोलनको एजेण्डा बन्न सकेको छैन। जात व्यवस्थाका कारण दलित समुदायमाथि भएको विभेदविरुद्ध नेपालमा वि.सं. २००३ देखि नै संगठित रूपमा प्रतिरोध संघर्ष भइरहेको छ। समग्र दलित आन्दोलनका साथसाथै दलित महिलालाई संगठिन गर्ने र विभेद विरुद्ध संघर्षमा समाहित गर्ने उद्देश्यले दलित महिलाको छुट्टै संगठन समेत गठन भएर सञ्चालनमा आएको इतिहास छ। वि.सं. २०१२ मा मिठाइदेवी विश्वकर्माको नेतृत्वमा गठन भएको 'परिगणित नारी संघ' गठन भएको थियो जुन दलित महिलाकै नेतृत्वमा स्थापित पहिलो सङ्गठन हो। पञ्चायतविरुद्धको संघर्षमा होस् वा माओवादीले सञ्चालन गरेको जनयुद्ध तथा २०६२/६३ को जनआन्दोलनमा दलित महिलाको व्यापक सहभागीता र योगदान रहेको थियो। तत्कालीन नेकपा (माओवादी)ले सञ्चालन गरेको जनयुद्धका क्रममा धेरै दलित महिला माओवादी सेनाका साथै स्थानीय तहमा गठित जनसरकारमा

समेत सामेल भएका थिए। यसैगरी विभिन्न राजनीतिक दलमा आबद्ध दलित महिलाले जातीय विभेदमा पारिएका दलित समुदायको मुक्तिका साथै पितृसतात्मक राज्यसत्ताविरुद्ध निरन्तर संघर्ष गर्दै आएका छन्। यसका साथै सामाजिक संघसंगठनले पनि दलित महिलाका आर्थिक, राजनीतिक र सामाजिक-सांस्कृतिक अधिकार स्थापित गर्न निरन्तर रूपमा आन्दोलन र संघर्ष भइरहेका छन्। तिनै संघर्ष र आन्दोलनकै प्रतिफलस्व रूप दलित महिलाले केही हदसम्म संवैधानिक र कानुनी अधिकार प्राप्त गरेका छन्। संवैधानिक र राजनीतिक रूपमा समानुपातिक समावेशीकरणलाई स्वीकार गरिएको छ। यसैको परिणाम स्वरूप केही हदसम्म दलित महिला राजनीतिक नेतृत्वमा सहभागी हुन सुरु भएको छ।

वि.सं. २०६२/६३ पछि गठन भएको अन्तरिम व्यवस्थापिकामा दलित समुदायका १८ जना दलित व्यवस्थापिका सदस्यको प्रतिनिधित्व भएको थियो। ती व्यवस्थापिका सदस्यमध्ये सहभागीता ६ जना दलित महिलाको सहभागीता थियो। यसरी छजनाको संख्यामा दलित महिलाको संसदमा एकैचोटी प्रतिनिधित्व भएको यो नै पहिलो अवसर थियो। अन्तरिम सरकारले गरेको पहिलो संविधानसभामा ५० जना दलित सभासदको प्रतिनिधित्व भयो। जसमध्ये झण्डै आधार अर्थात २४ जना दलित महिलाको प्रतिनिधित्व भएको थियो। यसरी प्रतिनिधित्व गर्ने दलित महिलामध्ये दुईजना पहिलो हुने निर्वाचित हुने प्रणालीबाट निर्वाचित भएका थिए। यसैबीचमा कलादेवी पासवानले भौतिक योजना तथा निर्माण सहायक मन्त्री र रमनी रामले सिंचाई राज्यमन्त्रीको भूमिका समेत निर्वाह गरेका थिए। यसैगरी दोस्रो संविधानसभामा दलितको प्रतिनिधित्व ४० जना रहेको थियो जसमध्ये १८ जना दलित महिला थिए।

दोस्रो संविधानसभाले वि.सं. २०७२ मा नयाँ संविधान जारी गरिसकेपछि नेपाल संघीय संरचनामा प्रवेश गर्‍यो। नयाँ संविधानको धारा ३८ मा महिलाको हकसम्बन्धी व्यवस्था गरिएको छ। सोही धाराको उपधारा ४ मा राज्यका सबै निकायमा महिलाको समानुपातिक सिद्धान्तका आधारमा राज्यका सबै निकायमा प्रतिनिधित्वको हकको व्यवस्था गरिएको छ। यसैगरी संविधानको धारा ४० मा उल्लेखित दलितको हकको

उपधारा (१ र ७)मा राज्यका सबै निकायमा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको हक र ती हकको प्रयोग गर्दा दलित महिलाको समानुपातिक अधिकार हुने व्यवस्था गरिएको छ। यसैगरी संविधानको धारा ४२ मा उल्लेखित सामाजिक न्यायको हकको उपधारा १ मा राज्यका सबै निकायमा पछाडि पारिएका महिला, दलित आदिको समानुपातिक समावेशी प्रतिनिधितत्व हुने संवैधानिक व्यवस्था गरिएको छ। यही संवैधानिक व्यवस्थाकै कारण संघीय संसदमा प्रतिनिधित्व गर्ने १९ जना सांसदमध्ये १३ जना दलित महिला पुगेका छन्। तीमध्ये निरादेवी जैरुलाई संसदको 'राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन' समितिको सभापतिको भूमिका दिइएको छ। सातैओटा प्रदेशमा जम्मा ३३ जना प्रदेशसभा सदस्यका रूपमा रहेका छन् जसमध्ये २५ जना दलित महिला छन्। प्रदेश नं. १ ले जसमाया गजमेरलाई प्रदेश सरकारको सामाजिक विकास राज्यमन्त्रीको भूमिका दिइएको थियो भने कर्णाली प्रदेशमा सीता नेपाली आन्तरिक मामिला तथा कानुन मन्त्रीको जिम्मेवारी दिइएको थियो। यसैगरी सुदूरपश्चिम प्रदेशमा मानबहादुर सुनार भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्रीको भूमिकामा छन् भने रिना नेपाललाई लुम्बिनी प्रदेशको पर्यटन, ग्रामीण तथा सहरी विकास राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ। गण्डकी प्रदेशमा दोबाटे विश्वकर्मालाई बिना विभागीय मन्त्री बनाइको छ भने बाग्मती प्रदेशको स्वास्थ्य राज्यमन्त्रीको भूमिकामा कल्पना नेपालीलाई जिम्मेवारी दिइएको छ। संघीयताको कार्यान्वयनसँगै प्रदेशको मन्त्रीपरिषद्मा एकजना पूर्ण मन्त्री र तीनजनाले राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ। राजनीतिक पार्टीहरूबीचको अन्तर्विरोधका कारण कतिपय दलित महिला मन्त्रीको भूमिकाबाट हटाइएका छन् भने कतिले नयाँ भूमिका प्राप्त गरेका छन्।

यसैगरी स्थानीय तह निर्वाचन ऐन–२०७३ को दफा ६ को उपदफा (२)मा गाउँपालिका वा नगरपालिकाको वडा समितिका एकजना दलित महिला अनिवार्य निर्वाचित हुनैपर्ने व्यवस्था गरिएको छ। ऐनमा भएको यही व्यवस्थाका कारण स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व बढेको छ। ७५३ स्थानीय सरकारमा एकजना पनि दलित महिला मेयर वा अध्यक्षको पदमा निर्वाचित भएका छैनन्। यद्यपि, दलित समुदायका १० जनामध्ये ९ जना उपमेयर दलित महिला छन् भने १३ जना उपाध्यक्षमध्ये १२ जना

दलित महिला छन् । यसैगरी दलित महिलाकै कोटाबाट ६ हजार ६५४ जना दलित महिला वडा सदस्यका रूपमा निर्वाचित भएका छन् भने अन्य खुल्ला पदमा पनि केही दलित महिला निर्वाचित भएका छन् । यो नेपालको इतिहासमा नै पहिलो पटक यति ठूलो संख्यामा दलित महिलाको प्रतिनिधित्व भएको हो ।

| प्रदेश | दलित महिला सिटमा निर्वाचित प्रतिनिधि | प्रतिशत |
|---|---|---|
| प्रदेश १ | १,१४४ | १७.४३ |
| प्रदेश २ | १,२६२ | १९.२३ |
| वागमती प्रदेश | १,०६८ | १६.२७ |
| गण्डकी प्रदेश | ७२८ | ११.०९ |
| लुम्बिनी प्रदेश | ९८३ | १४.९८ |
| कर्णाली प्रदेश | ६५७ | १०.०१ |
| सुदूरपश्चिम प्रदेश | ७२२ | ११.०० |
| जम्मा | ६,५६४ | १००.०० |

*स्रोत : निर्वाचन आयोग र डिग्नीटी इनिसियटिभ सन् २०१७*

यसैगरी स्थानीय तह निर्वाचन ऐन, २०७३ को उपदफा (४)मा गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँसभा वा नगरसभाका सदस्यले गाउँकार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुईजना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीनजना निर्वाचित हुने व्यवस्था पनि गरेको छ। ऐनमा यस्तो व्यवस्था गरिएका कारण स्थानीय पालिकामा पनि दलित महिलाको प्रतिनिधित्व भएको छ। ७५३ स्थानीय तहको कार्यपालिकामा जम्मा ८ हजार ९९६ पुरुष (६७.५४ प्रतिशत) र ४ हजार ३२४ महिला (३२.४६ प्रतिशत) गरी जम्मा १३ हजार ३२० जना प्रतिनिधि पालिकामा प्रतिनिधित्व गर्छन् । तीमध्ये जम्मा १ हजार ६२ जना पुरुष र ९९५ जना महिला गरी जम्मा २ हजार ५७ जना दलित समुदायको प्रतिनिधित्व रहेको छ ।

| नगरपालिका (२९३) | | | | | | | गाउँपालिका (४६०) | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| लिङ्ग | मेयर | उपमेयर | वडा अध्यक्ष | सदस्य | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | सदस्य | जम्मा |
| पुरुष | ६ | १ | ९२ | ४२१ | १ | १ | ७७ | ४६३ | १०६२ |
| महिला | ० | ९ | ० | ४०५ | ० | १२ | ० | ५६९ | ९९५ |
| जम्मा | ६ | १० | ९२ | ८२६ | १ | १३ | ७७ | १,०३२ | २,०५७ |

*स्रोत : डिग्नीटी इनिसियटिम, सन् २०२०*

स्थानीय तहमा वडा सदस्यका साथै कार्यपालिका सदस्यको भूमिकामा दलित महिलाको उपस्थिति छ। तर, उनीहरूको स्थानीय सरकारमा निर्णायक तहमा भने प्रतिनिधित्व हुन सकेको छैन। देशभरिमा जम्मा ६ जना दलित समुदायका मेयर छन् तर एकजना पनि दलित महिला छैनन्। यसैगरी जम्मा ९ जना मात्रै दलित महिला उपमेयरका भूमिकामा छन् भने गाउँपालिकामा एकजना पनि दलित महिला अध्यक्षमा निर्वाचित भएका छैनन्। जम्मा १२ जना उपाध्यक्षको भूमिकामा छन्। यसैगरी एकजना पनि दलित महिला वडा अध्यक्षमा निर्वाचित भएका छैनन्। यसले स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व भए पनि मुख्य निर्णय लिने कार्यपालिकाको मुख्य भूमिकामा भने दलित महिलाको प्रतिनिधित्व अत्यन्तै कमजोर छ।

# अध्याय चार

# दलित समुदायका महिला जनप्रतिनिधिको भूमिका

## स्थानीय सरकार र दलित महिला जनप्रतिनिधिको जिम्मेवारी

स्थानीय सरकारको क्षेत्राधिकारले निर्वाचित जनप्रतिनिधिको भूमिका निर्धारण गर्न सहयोग पुऱ्याउँछ। नेपालको संविधान २०७२, ले संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार तोकेको छ। संविधानको अनुसूचीमा संघको अधिकारको अधिकार क्षेत्रका रूपमा विभिन्न ३५ किसिमका अधिकार तोकिदिएको छ भने प्रदेशको अधिकार सूचीमा २१ किसिमका अधिकार समावेश गरिएको छ। त्यसैगरी संघ र प्रदेशको साझा अधिकार सूचीमा २५ किसिमका अधिकार सूचीकृत गरिएको छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची समावेश गरिएको छ जसमा विभिन्न २२ किसिमका अधिकार समेटिएको छ। यसैगरी विभिन्न १५ किसिमका अधिकार संघ, प्रदेश र स्थानीय तहका साझा सूचीमा समावेश छन्।

स्थानीय सरकारलाई नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने अधिकार प्राप्त छ। त्यसैगरी नगर प्रहरीको परिचालन गर्ने, न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने अधिकार पनि स्थानीय सरकारलाई छ। स्थानीय तहको नगर प्रहरीको गठन र सञ्चालन गर्दा संविधानले व्यवस्था गरेअनुरूप दलित समुदायको समानुपातिक समावेशीकरणलाई सुनिश्चित गर्ने कुरा स्थानीय तहमा निर्वाचित दलित महिलाले भूमिका निर्वाह गर्न सक्छन्। त्यसैगरी स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी

नीति, मापदण्ड, योजना, कार्यान्वयन, नियमन, संगठन संरचना, दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन गर्ने अर्को महत्वपूर्ण भूमिका स्थानीय सरकालाई छ। निर्वाचित जनप्रतिनिधिले स्थानीय सेवासम्बन्धी नीति बनाउँदा दलितका लागि आवश्यक आधारभूत सेवाहरू के–के हुन्, कस्ता सेवाबाट उनीहरू पछाडि पारिएका छन् भन्ने विषयको पहिचान गरी नीति बनाउने काममा दलित प्रतिनिधिको भूमिका महत्वपूर्ण हुन्छ। अझ स्थानीय सेवाका लागि संगठनको निर्माण र दरबन्दी निर्धारण तथा व्यवस्थापनको काम स्थानीय सरकारले गर्ने भएको हुँदा स्थानीय सेवा सञ्चालनका लागि निर्माण हुने सबै संगठनमा दलितको अनिवार्य समानुपातिक प्रतिनिधित्व हुने व्यवस्थाका लागि दलित प्रतिनिधिले स्थानीय सरकारमा संघर्ष गर्नसक्ने अवस्था छ।

नीति तथा योजना निर्माणका लागि अति महत्वपूर्ण आधार भनेको तथ्याङ्क हो। उदाहरणका लागि दलितको आर्थिक अवस्था, राजनीतिक सहभागीता, शिक्षा, स्वास्थ्यमा पहुँच, भूमिहीनता, सुकुम्बासी, विभेदका घटनाको प्रकृति र दण्हीनताको अवस्था आदिबारे पर्याप्त तथ्याङ्क भए मात्रै दलितका लागि कस्ता नीति र कार्यक्रम निर्माण गर्न सहयोग पुग्छ। त्यसैले स्थानीय सरकारले तथ्याङ्कसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र निमयन गर्ने अधिकार पाएको हुँदा दलित पक्षीय नीति तथा कानुन बनाउन दलित प्रतिनिधिले भूमिका खेल्नुपर्ने हुन्छ।

विकास आयोजना सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने, गाउँ तथा नगर शिक्षा समिति गठन र व्यवस्थापन, निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन गर्ने, पोषणसम्बन्धी नीति, बालबालिकाको कुपोषण न्यूनीकरण र रोकथाम गर्ने जस्ता अधिकार स्थानीय सरकारलाई छ। यी आधारभूत अधिकार सुनिश्चितताका लागि नीति, कानुन तथा कार्यक्रम बनाउँदा दलित समुदायको आवश्यकता र सरोकारलाई सम्बोधन गराउनका लागि दलित प्रतिनिधिको सशक्त भूमिका आवश्यक हुन्छ।

यसैगरी गाउँसभा, नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवथापन सम्बन्धी नीति, कानुन र कार्यविधि बनाउने अधिकार पनि स्थानीय सरकारलाई छ। न्यायियिक

समितिले मूलतः मेलमिलापकै माध्यमबाट समस्या समाधान गर्ने भएका कारण ती मेलमिलाप केन्द्र अनिवार्य रूपमा समावेशी हुनुपर्छ नत्र भने दलिततले मेलमिलाप वा मध्यस्थता केन्द्रबाट न्याय पाउन सक्ने सम्भावना कम हुन्छ। यसैगरी स्थानीय सरकारले बेरोजगारको तथ्याङ्क संकलन गर्ने, खानेपानी सम्बन्धी नीति, कानुन बनाउने, सामाजिक सुरक्षा र गरिबी निवारण सम्बन्धी स्थानीय नीति बनाउने र भूमि व्यवस्थापन गर्न स्थानीय भू-उपयोग नीति बनाउने अधिकार समेत प्राप्त गरेको हुनाले ती नीति तथा कानुन र कार्यक्रम बनाउँदा दलित पक्षीय बनाउन दलित प्रतिनिधिले सशक्त भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। यसैगरी स्थानीय सरकार अन्तर्गत वडा समितिको काम कर्तव्य र अधिकार पनि ऐनमा उल्लेख गरिएको छ। वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने, वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका दलित लगायत सीमान्तीकृत समुदायको अभिलेख राखी सामाजिक आर्थिक उत्थान सम्बन्धी काम गर्ने, छुवाछूत, दाईजो, हलिया जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने काम वडा समितिको छ। त्यसैगरी नाता प्रमाणित, वैवाहिक सम्बन्ध, नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनको लागि सिफारिस आदि काम वडा समितिबाटै हुन्छ।

दैनिक जीवनका गतिविधिसँग सरोकार राख्ने योजना तथा व्यवस्थापनका कामलाई दलितमैत्री बनाइनुपर्छ। परम्परागत रूपमा हुँदै आएका अमानवीय एवं अपराधिक चरित्रका छुवाछूत-भेदभावका घटना हुन् वा नागरिकता लगायतका समस्यामा सबैभन्दा बढी दलित समुदाय नै गरेका छन्। यसैगरी स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागू गर्ने, सामाजिक समावेशीकरणको मुद्दालाई सुनिश्चित गर्ने काम वडा समितिको जिम्मेवारीभित्र परेको छ। मूलतः दलित समुदायको आवश्यकता पहिचान गरी नीति तथा योजना बनाउने र सामाजिक समावेशीकरण सुनिश्चित गर्न दलित समुदायका वडा महिला प्रतिनिधिको भूमिका असाध्यै महत्वपूर्ण हुन्छ।

स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐनले विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सक्ने व्यवस्था गरेको छ। गरिबीको विषमता राष्ट्रिय औषतभन्दा बढी रहेको, आर्थिक र

सामाजिक रूपले पिछडिएका समुदायको बाहुल्यता भएको क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरी विकासको लागि विशेष कार्यक्रम सञ्चालन गर्न सक्ने प्रावधान ऐनमा व्यवस्था गरिएको छ। त्यसैले बिपन्न दलित समुदाय रहेको क्षेत्रलाई विशेषक्षेत्र घोषणा गरी त्यस्ता कार्यक्रम लागू गर्न सकिन्छ। यसका साथै ऐनबमोजिम गठन गरिने समिति, उपसमिति वा कार्यदलमा नियुक्ति वा मनोनयन गर्दा समानुपातिक समावेशीता कायम गर्नुपर्ने व्यवस्था भएका कारण दलितको त्यस्ता सबै संरचनामा समानुपातिक समावेशीकरण सुनिश्चित गर्न दलित महिला वडा प्रतिनिधिले भूमिका खेल्नुपर्ने हुन्छ। दलित समुदायकै प्रतिनिधिका रूपमा स्थानीय सरकारमा प्रतिनिधित्व गर्ने दलित महिला प्रतिनिधिले यी मुद्दालाई स्थानीय सरकारमा उठाउने र नीति निर्माण गर्ने अवसर छ। ती अवसरलाई प्रभावकारी रूपमा उपयोग गर्ने अवस्था भने अझैं बनिनसकेको अध्ययनले देखाउँछ।

स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनले स्थानीय सरकार सञ्चालनका लागि यस्ता अधिकार दिइएको भए पनि दलित समुदायका महिला प्रतिनिधिको भूमिका के हुने भन्ने विषयमा स्पष्ट व्यवस्था गरेको छैन। त्यसैले उनीहरूको स्थानीय सरकारमा कस्तो भूमिका हुने भन्ने विषय अन्यौलमा परेको छ। त्यसैले स्थानीय तहमा दलित महिला मूलतः भूमिकाबिहीन अवस्थामा नै रहेको पाइयो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वडा अध्यक्षको भूमिका स्पष्ट रूपमा समावेश गरेको भए पनि अन्य सदस्यको भूमिका के हुने भन्ने विषयको अन्यौलका कारण दलित महिला नीति निर्माण गर्ने र कार्यान्वयन गर्ने जस्ता भूमिकाबाट बिहीन बनाइएका छन्।

यसैगरी दलित महिलाको स्थानीय तहमा प्रतिनिधित्व आवश्यक हुनुका कारणमध्ये नेपाली समाजमा रहेको जातीय विभेद र लैङ्गिक उत्पीडनको अन्त्यका दिशामा शक्ति-अभ्यास गर्नु पनि हो। कार्यपालिकाभित्र उनीहरू निर्णायक पदमा छैनन् भने संख्यात्मक रूपमा पनि उनीहरू अल्पमतमा छन्। त्यसैले यसले जात व्यवस्था र पितृसत्तात्मक शक्ति-सम्बन्धको रूपान्तरण गर्ने सामर्थ्य राख्न सक्ने अवस्था छैन। यद्यपि, सकेसम्म दलित महिला प्रतिनिधिले आफ्ना आवाजलाई सम्बोधन गराउने प्रयत्न भने जारी राखेका छन्।

वडा अध्यक्ष कार्यालयमा केही दिनका लागि उपस्थित हुन नसक्ने अवस्था भएमा वडा सदस्यलाई कार्यबहाक अध्यक्षको भूमिका दिनुपर्ने व्यवस्था छ। त्यसैले दलित महिलाले कहिलेकाहीँ कार्यबहाक अध्यक्षको भूमिका पाउने गरेका छन्। अध्ययनका क्रममा पढलेख नगरेका वा आत्मविश्वासको कमीका कारण कार्यबहाक अध्यक्षको भूमिका निर्वाह नगरेका बाहेक सबैजसो दलित महिला प्रतिनिधिले छोटो समयका लागि भए पनि कार्यबहाक अध्यक्षको भूमिका निर्वाह गरेको पाइयो।[३] यसरी कार्यबहाक अध्यक्षको भूमिकामा रहँदा पनि उनीहरूले अध्यक्षले प्रयोग सबै अभ्यास गर्न भने पाउँदैनन्। महत्वपूर्ण निर्णय लिने अधिकार उनीहरूलाई हुँदैन। सामान्य सिफारिस प्रदान गर्ने, जनताका आधारभूत आवश्यकतासँग जोडिएका र कार्यबहाक अध्यक्षले प्रदान गर्ने सेवामुलक काममा उनीहरूले भूमिका निर्वाह गरेका थिए।

यसैगरी दलित समुदायका महिला जनप्रतिनिधिलाई वडाका महत्वपूर्ण निर्णय प्रक्रियाबारे पर्याप्त जानकारी नै हुँदैन थियो। वडामा प्रतिनिधिबीच सामान्य छलफल भए पनि ती सवालमा गम्भीर छलफल हुने र दलित महिला प्रतिनिधिका आवाज पनि सुन्ने प्रवृत्ति नै थिएन। अझ कतिपय अवस्थामा त निर्णय पुस्तिका (माइन्यूट) दलित महिला प्रतिनिधिको घरैमा पुऱ्याएर हस्ताक्षर गराउने समेत गरिन्थ्यो।[४] यद्यपि, बिस्तारै दलित महिला जनप्रतिनिधिले आफ्नो अधिकारका सवालमा कुरा उठाउँदै गएपछि उनीहरूलाई वडास्तरका मूलतः सेवामुलक काममा भूमिका दिने गरेको पाइयो। यो अध्ययनका क्रममा विभिन्न प्रदेशका दलित समुदायका महिला प्रतिनिधिसँगको छलफलबाट प्राप्त तथ्यका आधारमा छ किसिमका जिम्मेवारी दिइएको पाइएको छ। ती भूमिकाबारे यहाँ चर्चा गरिएको छ।

---

[३] *यो अध्ययनका क्रममा आयोजित समूहगत छलफलका क्रममा प्रायजसो धेरैले कार्यबहाक अध्यक्षको जिम्मेवारी बहन गरेको अनुभव सुनाएका थिए।*

[४] *समूहगत छलफलका क्रममा केही दलित समुदायका केही दलित महिला प्रतिनिधिले घरैमा माइन्यूट पुऱ्याएर हस्ताक्षर गराउने गरेको बताएका थिए। बिस्तारै ती विषयमा जानकार हुन थालेपछि निर्णय प्रक्रियामा सामेल भएर र निर्णयबारे बुझेर मात्रै हस्ताक्षर गर्न थालेको उनीहरुको भनाइ थियो।*

## १. सेवा प्रवाह क्षेत्रका काम

स्थानीय सरकार सञ्चालन ऐन–२०७४ ले दलित महिला प्रतिनिधि भूमिका के हुने भन्ने स्पष्ट व्यवस्था गरेको छैन। यद्यपि, उनीहरूले स्थानीय सरकारका कार्यक्षेत्रभित्रका धेरै कामको नेतृत्व लिन सक्छन्। स्थानीय सरकार अन्तर्गतका वडा कार्यलयले दलित महिला प्रतिनिधिलाई सेवामुलक क्षेत्रका केही कामको जिम्मेवारी दिने गरेका छन्। विशेषगरी वडा कार्यालयले प्रदान गर्ने सेवाहरू जस्तै : नागरिकलाई आवश्यक परेका सिफारिस उपलब्ध गराउने, सामाजिक सुरक्षा भत्ता, छात्रवृत्ति आदि प्रदान गर्ने जस्ता काममा उनीहरू संलग्न भएका छन्। यसैगरी कृषि, खानेपानी, अपाङ्गता भएका व्यक्तिका सुविधा प्रदान लगायतका काममा पनि उनीहरूलाई खटाउने गरेको पाइन्छ भने स्थानीय नागरिकले सरकारले प्रदान गर्नुपर्ने सेवा सुविधा प्राप्तिका सन्दर्भमा सूचना प्रदान गर्ने र ती सुविधा प्रदान गर्नका लागि सहजीकरण गर्ने जस्ता काम दलित महिला प्रतिनिधिले गर्दै आइरहेका छन्।

## २. विकास निर्माणका काम

स्थानीय सरकारको गठन भएपछि विशेषगरी भौतिक पूर्वाधार निर्माणका कामलाई प्राथमिकता दिएका छन्। सडक, खानेपानी, बिजुली, पुल निर्माण लगायतका काममा स्थानीय सरकारको सबैभन्दा धेरै काम भएका छन्। वडा सदस्यका रूपमा रहेका दलित महिलालाई स्थानीय योजना तर्जुमा गर्ने र पालिका समक्ष पुऱ्याउने काममा पनि उनीहरूको संलग्नता रहेको देखिन्छ। यद्यपि, ती योजना निर्माण र कार्यान्वयनमा उनीहरूको निर्णायक भूमिका भने हुने गरेको पाइएन। योजना र कार्यान्वयनका सवालमा वडा कार्यालयमा सबै सदस्यबीच छलफल भएरै निर्णय हुने गरेका छन्, तथापि, दलित महिलाले आफ्नो योजना पारित गराउन निकै संघर्ष गर्नु परेको अनुभव गरेका छन्। योजना तयार पार्दा र बजेट बिनियोजन गराउँदा दलित समुदायले आफ्नो समुदाय र वर्ग लक्षित कार्यक्रम राख्न प्रयत्न गर्ने र वडाका मुख्य नीति-निर्माता आफ्नो अनुकूलका

कार्यक्रम समावेश गर्न चाहने हुँदा अप्रत्यक्ष द्वन्द्वको अवस्था सिर्जना भएको पाइयो। यसैगरी विकास निर्माणका कार्यक्रम कार्यान्वयनको सन्दर्भमा दलित महिला प्रतिनिधिलाई कुनै निश्चित टोलको जिम्मा लगाउने गरिएको छ। आफ्नो क्षेत्र पायक पर्ने स्थानमा भएका भौतिक निर्माणसँग सम्बन्धित कामका लागि आवश्यक उपभोक्ता समिति गठन गर्ने, सञ्चालन भइरहेका कार्यक्रमको अनुगमन गर्ने र वडालाई जानकारी गराउने काममा दलित महिला प्रतिनिधि परिचालित छन्। यसैगरी विद्यालय निर्माण, खानेपानी आयोजना सञ्चालन, स्वास्थ्यचौकी निर्माणजस्ता जनताका प्रत्यक्ष जीवनसँग जोडिएका काममा पनि दलित महिला प्रतिनिधि खटिने गरेका छन्। केही जिल्लाका स्थानीय तहमा महिला र दलितका लागि सामुदायिक भवन निर्माण गर्ने, स्वास्थ्य चौकी स्थापना गर्नेजस्ता काममा दलित महिला प्रतिनिधिको संलग्नता रहेको पाइन्छ।

## ३. विभिन्न किसिमका तालिम कार्यक्रम

दलित महिला जनप्रतिनिधिको अग्रसरतामा स्थानीय तहमा जीविकोपार्जनसँग सम्बन्धित तालिम कार्यक्रम सञ्चालन भएका छन्। तरकारी खेती, फलफूल खेती र अन्य कृषि उत्पादनसँग सम्बन्धित तालिम प्रदान गर्ने कामको नेतृत्व दलित महिलाले दिएका छन्। यसैगरी कुखुरा, बाख्रा पालनजस्ता तालिमका साथै सिकेका सिपको अभ्यासका लागि बाख्रा, कुखुरा आदि वितरण गर्ने काम पनि उनीहरूले गरेका छन्। यति मात्रै होइन, आयआर्जनसँग सम्बन्धित सिलाइ-कटाइ, परम्परागत पेशाको सुदृढीकरणका लागि पनि तालिम दिने र आवश्यक औजार गराउने काममा पनि दलित महिला जनप्रतिनिधिको भूमिका रहेको देखिन्छ।

## ४. राहत वितरण

कोरोना महामारीका कारण वि.सं. २०७६ चैत्र ११ गतेबाट नेपालमा लकडाउन सुरु भयो। यसको सबैभन्दा मार दलित र सिमान्तीकृत समुदायले भोग्नु पर्‍यो। आर्थिक अभावका कारण श्रमजीवि वर्ग र समुदायका साथै दलित समुदायले रोग र भोगसँग पौठेजोरी खेल्नुपर्ने अवस्था आयो। त्यतिबेला राज्यले स्थानीय तहमार्फत राहत

वितरणको कार्यक्रम कार्यान्वयन गरेको थियो। राहत प्राप्तिका लागि सबैभन्दा संकटमा रहेका व्यक्तिको नामावली वडामा दर्ता हुनुपर्थ्यो। यस्तो विषम परिस्थितिमा दलित समुदायका जनप्रतिनिधिले दलित समुदायका साथै उत्पीडित र अति सिमान्तीकृत समूहको नामावली टिपाउने र उनीहरूका लागि राहतको प्रबन्ध गर्ने काम दलित समुदायका महिला जनप्रतिनिधिले गरेका थिए। यदि, दलित समुदाय कोरोना महामारीका साथै खाद्य संकटमा परेको अवस्थामा दलित महिला जनप्रतिनिधिले सकेसम्म समुदाय स्तरमा राहत पुऱ्याउने प्रयत्न गरेका थिए। समुदायका प्रतिनिधि वडामा भएका कारण पनि दलित समुदायले थोरै भए पनि राहत प्राप्त गर्न सफल भए।

## ५. सचेतना र जागरण अभियान

भौतिक पूर्वाधार बाहेक मानवीय विकासमा स्थानीय सरकारको ध्यान जान सकेको छैन। संविधान र कानुनले लैङ्गिक हिंसा, जातीय विभेदजस्ता उत्पीडनलाई सामाजिक अपराधको रूपमा व्याख्या गरेको छ। यद्यपि, नेपाली समाजमा यस्ता किसिमका विभेद सबैतिर व्याप्त छ। तर, स्थानीय सरकारले यस्ता भेदभावको अन्त्यका लागि खासै नीतिगत व्यवस्था गर्ने र कार्यक्रम सञ्चालन गरेको देखिँदैन। यद्यपि, दलित महिला जनप्रतिनिधिको पहलमा महिला र दलित अधिकारका सवालमा सचेतनामुलक कार्यक्रम सञ्चालन हुने गरेका छन्। महिला हिंसाविरुद्धको १६ दिने अभियान, जातीय भेदभाव उन्मुलन दिवस जस्ता अवसरमा कार्यक्रम गर्नका लागि केही रकम बिनियोजन गर्न सफल भएका छन्। यसरी बिनियोजन गरिएका बजेटबाट सामान्यतया सचेतनामुलक कार्यक्रम आयोजना हुने गरेका छन्। तर, यस्ता कार्यक्रमको न त निरन्तरता हुने गरेको छ न त दलित समुदायका समग्र अर्थ-राजनीतिक समस्या सम्बोधन गर्ने प्रकृत्तिका छन्। यद्यपि, केही मात्रामा भए पनि जागरण र सचेतना फैलाउने काम भने धेरैजसो स्थानीय तहमा हुने गरेका छन्।

## ६. जनसमन्वयकारी भूमिका

दलित समुदायका दलित महिला प्रतिनिधिलाई दिइएको अर्को जिम्मेवारी भनेको जनसमन्वयको हो। स्थानीय तहमा वडाका गतिविधिबारे सूचना वा जानकारी दिने,

सार्वजनिक कार्यक्रममा उपस्थित हुने र उपभोक्ता समितिका साथै अन्य समूह र सञ्जाल निर्माण गर्ने काममा उनीहरूलाई परिचालन गरिएको पाइएको छ। जस्तौ : वडाले आयोजना गर्न लागेका कार्यक्रमबारे जनतालाई जानकारी दिने, कृषि, पशुपालन, स्वास्थ्य, शिक्षाजस्ता सवालमा वडामा प्राप्त सूचना स्थानीय नागरिकसम्म पुऱ्याउने काममा पनि उनीहरूको भूमिका प्रभावकारी देखिएको छ। यद्यपि, दलित समुदायका महिला जनप्रतिनिधिको भूमिका अनुरूपको जिम्मेवारी भने वडाले दिएका छैनन्। एकातिर उनीहरूले वडाले दिइको जिम्मेवारी बहन गर्न सक्छन् भन्ने कुरामा अविश्वास गरिन्छ भने अर्कोतिर उनीहरूलाई महत्वपूर्ण जिम्मेवारी दिइयो भने जनतामाझ लोकप्रिय हुन्छन् भन्ने चिन्ता पनि स्थानीय तहको नेतृत्वमा रहेको छ। यो अध्ययनबाट दलित समुदायका महिला जनप्रतिनिधिलाई पर्याप्त मात्रामा भूमिका नदिइएको स्पष्ट देखिएको छ। यद्यपि, समस्या र चुनौतीका बाबजुत पनि स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्वको केही प्रभाव भने परेको छ।

## अध्याय पाँच

# स्थानीय तहमा दलित समुदायका महिला जनप्रतिनिधिका उपलब्धी

प्रतिनिधित्वको अर्थ भौतिक उपस्थित हुनु मात्रै होइन, समुदायको समग्र सवालको प्रतिनिधित्व गर्नु पनि हो। अर्थात, दलित महिलाले स्थानीय सरकारमा मूलतः दलित समुदाय र महिलाको प्रतिनिधित्व गरिरहेका छन्। यसका साथै स्वभाविक रूपमा राजनीतिक दलको प्रतिनिधि पनि हुन्। यसरी हेर्दा स्थानीय तहका दलित महिला जनताकै मतबाट निर्वाचित भएका कारण समग्र जनताको प्रतिनिधि, महिला भएका कारण समग्र महिलाको प्रतिनिधि र दलित समुदायबाट प्रतिनिधित्व गर्ने भएका कारण दलित समुदायको प्रतिनिधिको रूपमा भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। यसरी तेहोरो जिम्मेवारीमा स्थानीय तहका दलित महिला प्रतिनिधि छन्। स्थानीय निकाय गठन भएको करिब दुई वर्षसम्म अन्यौलता रहेको भए पनि दलित समुदायका महिला जनप्रतिनिधिको प्रयत्न र पहलकदमीले थोरै भए पनि उपलब्धी हासिल भएका छन्। यो अध्ययनका क्रममा दलित महिलाको प्रतिनिधित्वका कारण नौओटा मुख्य उपलब्धी भएको पाइएको छ। ती उपलब्धीबारे तल चर्चा गरिएको छ।

## १. राजनीतिक नेतृत्व विकास र सशक्तिकरण

निर्वाचन राजनीतिक सशक्तिकरणको एउटा महत्वपूर्ण विधि हो। स्थानीय तहको निर्वाचनमा करिब १२ हजारभन्दा बढी दलित समुदायका महिला निर्वाचनमा सहभागी भएका थिए। विभिन्न पार्टीबाट उम्मेदवारका रूपमा मतदान प्रक्रियामा सहभागी भएका महिलाले आफ्नो लागि मत माग्ने र आफ्नो प्रतिबद्धता नागरिकबीच राख्ने

काम गरे। कतिपय सार्वजनिक मञ्चबाटै निर्वाचनमा आफू सहभागी हुनुका कारण र भावी योजना पनि सुनाए। यसले उनीहरूको राजनीतिक सशक्तिकरणको प्रयत्नलाई थप मजबुत बनाउँदै लगेको पाइएको छ। यसैगरी स्थानीय तहमा निर्वाचित भएपछि कतिपय दलित महिला कार्यपालिका सदस्यको भूमिका रहेर काम गरेका छन्। यो महिलाको राजनीतिक नेतृत्व विकासको अर्को अवसर हो।

यसैगरी स्थानीय सरकारको प्रतिनिधिका रूपमा निर्वाचित भइसकेपछि उनीहरूले जनताका आवश्यकता र मागलाई सम्बोधन गर्नुपर्ने परिस्थिति निर्माण हुँदै गयो। जनताका हितलाई ध्यानमा राखेर नीति, योजना बनाउने, जनताका गुनासा सुन्ने, विकास निर्माणका कार्यक्रम तय गर्ने, जनतालाई आधारभूत सेवा सुविधा प्रदान गर्ने जस्ता काममा सहभागी हुँदा उनीहरू स्थानीय सरकार कसरी सञ्चालन हुन्छ र शक्तिको अभ्यास कसरी गरिन्छ भन्ने विषयमा पनि उनीहरू केही हदसम्म जानकार भएका छन्। अध्ययनका क्रममा आयोजना गरिएका समूहगत छलफलमा सहभागीमध्ये करिब ७० प्रतिशत दलित समुदायका महिला जनप्रतिनिधिले केही समयकै लागि भए पनि कार्यबहाक अध्यक्षको भूमिका निर्वाह गर्न पाएका थिए भने कतिपयले महिनौंसम्म पनि कार्यबाहक अध्यक्षको भूमिका निर्वाह गरेका थिए। यसरी स्थानीय तहमा निर्णायक भूमिकामा बसेर काम गर्दा स्वभाविक रूपमा उनीहरूको राजनीतिक नेतृत्व क्षमताको विकास भएको पाइएको छ। कार्यबाहक अध्यक्षको भूमिकामा बसेका दलित महिला प्रतिनिधिहरू भन्छन्, 'अध्यक्षले गर्नुपर्ने धेरैजसो काम हामीले कार्यबहाक अध्यक्ष हुँदा निर्वाह गरेका छौं। जनतालाई खुशी बनाउन सकेका छौं। यो अनुभवले हामी अब अझ माथिल्लो भूमिका निर्वाह गर्न सक्छौं भन्ने आत्मविश्वास बढेको छ।' यसले पनि स्थानीय तहमा दलित महिलाको राजनीतिक र नेतृत्व क्षमतामा विकास भएको देखाउँछ।

## २. सामाजिक पहिचानको निर्माण

नेपाली समाजमा दलितलाई नेतृत्वको रूपमा पहिचान दिने गरेको सायदै भेटिन्छ। जात व्यवस्था भएको समाजमा दलित समुदाय राजनीतिक क्षेत्रमा स्थापित हुने र आम

जनताको नेतृत्व गर्ने चुनौतीपूर्ण छ। अभ्र दलित महिलालाई नेतृत्वको रूपमा स्वीकार गर्न निकै गाह्रो छ। यद्यपि, निर्वाचित जनप्रतिनिधि भएका कारण उनीहरूलाई आफ्नो प्रतिनिधि वा नेतृत्व मान्नै पर्ने बाध्यता सिर्जना भएको छ। उदाहरणका लागि स्थानीय तहमा हुने सरकारी वा गैरसरकारी कार्यक्रममा सम्मान गर्नैपर्ने अवस्था निर्माण भएको छ। यसैगरी जनप्रतिनिधिले प्रयोग गर्न सक्ने राजनीतिक शक्ति-अभ्यास गर्न थालेका छन्। उनीहरू स्थानीय तहमा विकास निर्माण, जनजीविकासँग सम्बन्धित योजना निर्माण र कार्यान्वयनमा सक्रियतापूर्वक लागेका छन्। जनताका दैनिक जीवनसँग सम्बन्धित काममा संलग्न भएर आफ्नो जिम्मेवारी पूरा गरिरहेका छन्। यसले दलित महिला पनि राजनीतिक नेतृत्वको रूपमा स्थापित हुन सक्छन् भन्ने पहिचान निर्माण भएको छ।

## ३. मिहिनेती र इमान्दार पहिचान

अध्ययनका क्रममा आयोजना गरिएका समूहगत छलफलका क्रममा दलित समुदायका महिला जनप्रतिनिधिले वडा अध्यक्षले दिएका काम जिम्मेवारीपूर्वक निर्वाह गरेको बताउँछन्। दलित महिला सदस्यलाई वडा अध्यक्षले आवश्यकताअनुसार जिम्मेवारी दिने गरेका छन् भने वडामा निर्वाचित भएर कार्यपालिका सदस्यको जिम्मेवारी पाएका दलित महिला प्रतिनिधिले पनि आ-आफ्नो भूमिका इमान्दारपूर्वक निर्वाह गरेको बताउँछन्। उनीहरूका अनुसार प्रायजसो सेवामुलक कामहरू जस्तै विकास निर्माणका कामको नियमित अनुगमन गर्ने, सामाजिक सुरक्षा भत्ताबारे जानकारी गराउने, आयमुलक तालिम सञ्चालन गर्ने जस्ता कामको जिम्मेवारी दलित महिलालाई दिने गरेको पाइयो। यसरी दिइएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरेको उनीहरू बताउँछन्। वडाले दिएका जिम्मेवारी मिहिनेतपूर्वक निर्वाह गरेपछि वडा अध्यक्षले पनि थप जिम्मेवारी दिने गरेको उनीको अनुभव छ।

## ४. सिमान्तीकृत समुदायका सहजकर्ता

समुदायको प्रतिनिधिले आम नागरिकको हितका लागि काम गर्नुपर्छ। यद्यपि, समुदायको प्रतिनिधित्व गर्दै स्थानी तहमा निर्वाचित भएका कारण दलित र सिमान्तीकृत समुदायको हितमा काम गर्नु उनीहरूको कर्तव्य हो। अध्ययनका क्रममा समाजका दलित, सिमान्तीकृत, गरिब र कमजोर सामाजिक-राजनीतिक हैसियत भएका व्यक्तिको

सहजकर्ताको भूमिकामा दलित महिला प्रतिनिधिले काम गरेका छन्। समूहगत छलफलमा सहभागी एकजना प्रतिनिधिले भनिन्, 'दलित र सिमान्तीकृत समुदाय सूचना र जानकारीबाट बञ्चित छन्। उनीहरूलाई कसरी सरकारी सेवा सुविधा पाउने भन्ने पनि जानकारी हुँदैन। त्यसैले मूलतः सिमान्तीकृत समुदायले हामीलाई उहाँहरूका सवाल सुनाउनु हुन्छ। वडाअध्यक्षसँग आफ्नो कुरा सहजै राख्न नसक्ने धेरैजसो दलित र सिमान्तीकृत समुदायले हामीसँग भने सहजै आफ्ना सवाल राख्नुहुन्छ र हामी उहाँहरूका काममा सहजीकरपण गर्छौं।' शक्तिशाली र पहुँचवाला वडाको मुख्य शक्तिबाहक अध्यक्षसमक्ष सहजै पुग्ने र आफ्ना कुरा राख्न सक्छन्, तर गरिब, श्रमिक, किसान, दलित र सिमान्तीकृत समुदायको सहजकर्ताको रूपमा दलित महिला प्रतिनिधिले काम गरिरहेका छन्।

## ५. आत्मविश्वासमा बृद्धि

राजनीतिक शक्तिको अभ्यास गर्ने स्थान हो। राजनीतिक नेतृत्व लिने र जिम्मेवार बहन गर्ने भूमिका राजनीतिक नेतृत्वको हुने भएका कारण राजनीतिमा दृढ आत्मविश्वास हुन जरुरी हुन्छ। स्थानीय तहको निर्वाचन सम्पन्न भएको करिब दुई वर्षसम्म स्थानीय तहका धेरैजसो पदाधिकारी स्थानीय तहको क्षेत्रधिकार, निर्वाचित जनप्रतिनिधिको अधिकार र भूमिका जस्ता विषयमा प्रष्ट हुन नै समय लाग्यो। दलित महिला पनि आफ्नो अधिकार र भूमिकाबारे जानकार नभएका कारण वडाका नीति निर्माण गर्ने, बजेट बिनियोजन गर्ने र कार्यान्वयन गर्ने र नयाँ योजना बनाउने जस्ता विषयमा अनभिज्ञ नै रहेका थिए। दलित समुदायका महिला प्रतिनिधिमध्ये राजनीतिक सुझबुझ र शक्ति-अभ्यास गर्न सक्ने क्षमता भएका प्रतिनिधिले आफ्नो अधिकार दाबी गर्न थालेका थिए। यद्यपि, राजनीतिक पृष्ठभूमिबाट अनुभव नभएका दलित महिला प्रतिनिधि भने स्थानीय तहमा कुनै भूमिका नपाएका कारण सदस्य निर्वाचित हुनुको कुनै खासै अर्थ नभएको अनुभूति गरेका थिए। वडा कार्यालयले पनि उनीहरूलाई खासै वास्ता गरेको थिएन। केबल बैठकको माइन्यूटमा हस्ताक्षर गर्ने बाहेक अन्य कुनै भूमिका नपाएपछि दलित महिला प्रतिनिधि निकै ठूलो बिचलनमा पुगेका थिए। यद्यपि, राजनीतिक अनुभव भएका र सामाजिक संघसंस्थाका काम गरेका दलित महिलाले भने आफ्नो भूमिकाको माग दाबी गरेको

देखिन्छ। तर, अधिकांश दलित महिला भने भूमिकाबिहीन अवस्थामा थिए। बिस्तारै वडा सदस्यको भूमिका, राजनीतिक शक्ति र जिम्मेवारीबारे जानकारी हुन थालेपछि भने उनीहरूले आफ्नो अधिकार अभ्यास गर्न थालेको देखिन्छ। स्थानीय सरकार सञ्चालन प्रक्रिया, नीति निर्माण र कार्यान्वयन जस्ता विषयमा जानकारी पाएपछि भने उनीहरूले आफ्नो भूमिकाको दाबी गर्न थालेका छन्। यसका साथै कार्यबहाक अध्यक्ष, विद्यालय व्यवस्थापन समिति सदस्य, स्थानीय सरकारले सञ्चालन गर्ने विभिन्न परियोजनाको अगुवाई गर्न थालेपछि भने दलित महिला प्रतिनिधिले राजनीतिक शक्ति-अभ्यास गर्न थालेको देखिन्छ। यसैगरी आगामी दिनमा अहिलेसम्म प्राप्त ज्ञान, सीप र क्षमताको भरपुर अभ्यास गर्न सक्ने सामर्थ्य उनीहरूमा विकास भएको छ। यसले अधिकांश निर्वाचित दलित महिला प्रतिनिधिमा राजनीतिक प्रतिनिधिका रूपमा धेरै काम गर्न सकिन्छ भन्ने आत्मविश्वास बृद्धि भएको देखाउँछ।

## ६. विभेद न्यूनीकरणको प्रयत्न

दलित समुदायमाथि निरन्तर रूपमा विभेद हुँदै आइरहेको छ। जात व्यवस्थामा आधारित सांस्कृतिक विभेदको अभ्यास दैनिक जीवनमा पनि भइरहेकै छ। राजनीतिक र सामाजिक जीवनका हरेक पाइलामा दलित समुदायले विभेदको सामना गरिरहनु परेको छ। अझ दलित महिलाले त थप लैङ्गिक उत्पीडिन र विभेद पनि भोग्न बाध्य छन्। यस्तो असहज परिस्थितिमा स्थानीय तहमा निर्वाचित दलित महिलाले पनि जातीय विभेद भोग्नु परिरहेको छ। निर्वाचनका बेला भोट माग्ने क्रममा भोगेका जातीय विभेद हुन् वा सार्वजनिक स्थानमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भोग्नु पर्ने विभेद् हुन्, दलित महिला प्रतिनिधिले भोगिरहनु परेकै छ। यद्यपि, जनप्रतिनिधि हुनुभन्दा अगाडि र जनप्रतिनिधि भइसकेपछि भने विभेद गर्ने सवालमा क्रमशः कमी हुँदै गइरहेको जनप्रतिनिधिहरू बताउँछन्। अध्ययनका क्रममा आयोजित समूहगत छलफलका क्रममा केही प्रतिनिधिले भनेका थिए, 'चुनावको बेलासम्म हामीलाई प्रत्यक्ष रूपमै विभेद गरिन्थ्यो। कतिपय ठाउँमा भोट माग्न जाँदा समेत हामीलाई बाहिरै राखिन्थ्यो। अहिले अप्रत्यक्षरूपमा विभेद गरे पनि हामीलाई जातकै आधारमा पहिलेजस्तो विभेद हुँदैन। राजनीतिक शक्तिमा भएका कारण प्रत्यक्ष रूपमा हामीलाई विभेद गर्ने हिम्मत

गर्दैनन् ।' यसैगरी दलित समुदायका प्रतिनिधि उपस्थित भएका कार्यक्रममा दलित समुदायलाई सहजै विभेद गर्ने हिम्मत गैरदलित समुदायले गर्दैन। यसले राजनीतिक शक्तिमा दलित महिलाको प्रतिनिधित्व बढ्दै जाँदा विभेदमा पनि कमी आउने गरेको उनीहरूको अनुभव छ।

## ७. प्रतिरोधी क्षमताको विकास

स्थानीय तहको निर्वाचन सम्पन्न भएको करिब एक वर्षसम्म दलित समुदायका महिला वडा सदस्यलाई स्थानीय सरकार र पदाधिकारीको अधिकारबारे खासै जानकारी गराइएन। बिस्तारै स्थानीय तह र वडा प्रतिनिधिको अधिकारबारे जानकारी हुँदै गएपछि उनीहरूले विकास निर्माणका साथै सामाजिक रूपान्तरणका कार्यक्रमका लागि संघर्ष गर्न सुरु गरेको देखिन्छ। सुरु-सुरुमा वडामा भएका निर्णयमा सहजै हस्ताक्षर गर्ने वा आफ्ना सरोकारलाई राख्न असहज मान्ने दलित महिला प्रनिनिधिहरू बिस्तारै आफ्ना योजनालाई जबरजस्ती प्रस्तुत गर्न थालेका छन् । जब दलित महिला प्रतिनिधिले जनताका एजेण्डा, आफ्नो जिम्मेवारी अनुसार सामाजिक विकासका योजना निर्माण र समुदायका मुद्दाबारे बुझे, तब वडा अध्यक्ष र स्थानीय सरकासँग ती माग सशक्त रूपमा राख्न थालेका छन् । दलित महिलाले सुरु-सुरुमा जसरी सहजै नेतृत्वलाई सहयोग गर्ने भन्दा पनि औचित्यका आधारमा सहयोग वा असहयोग गर्ने र आफ्ना एजेण्डालाई पनि जबरजस्त राख्न थालेपछि भने स्थानीय सरकारका नीति निर्माता र दलित महिला प्रतिनिधिबीच द्वन्द्व पनि बढेको छ। यो दलित महिला प्रतिनिधिले शक्ति अभ्यास गर्दै जाँदा प्राप्त प्रतिरोधी चेतनाको उपज हो। स्थानीय तहको निर्वाचनपछि दलित समुदायका केही प्रतिनिधिमा आएको प्रतिरोधी चेतना पनि एक किसिमको उपलब्धी नै हो।

## ८. दलित समुदायसम्म सेवा सुविधा पुऱ्याउने प्रयत्न

बिगतमा राज्यका नीति, नियम, सेवा र सुविधाजस्ता सवालमा सबै दलितले जानकारी पाउँदैन थिए। मूलतः राजनीतिक र सामाजिक क्षेत्रमा सक्रिय दलितले आफ्ना अधिकार उपयोग गर्न सक्ने अवस्था थियो भने धेरैजसो दलित राज्यबाट पाउने सेवा सुविधाबारे

सूचनाबाटै बञ्चित थिए। स्थानीय सरकारको नीति निर्माण र कार्यान्वयन गर्ने तहमा दलित महिलाको प्रतिनिधित्व भएका कारण दलित समुदायले वडास्तरबाट प्रदान गरिने सेवा सुविधाबारे जानकारी पाएका छन्। सशक्त रूपमा स्थानीय सरकारमा संलग्न दलित महिलाले दलितका लागि बजेट बिनियोजन गराउने र उपलब्ध सेवा सुविधामा पुहँच पुऱ्याउन सहयोग गरिरहेका छन्। दलित समुदायको कोणबाट यस्ता सूचना प्राप्त हुनु र ती अधिकार अभ्यासका क्रममा सहयोग पाउनु पनि निकै ठूलो उपलब्धी हो।

## ९. परम्परागत शक्ति-अभ्यासलाई चुनौती

दलित महिला प्रतिनिधिहरूको सबैभन्दा प्राथमिकतामा स्थानीय विकासका काम नै रहेका छन्। आफ्नै पहल र नेतृत्वमा स्थानीय तहमा मोटरबाटो पुऱ्याउने, खानेपानी व्यवस्थापनका लागि पहल गर्ने, बिजुलीबिहीन बस्तीमा बिजुलीबत्ती पुऱ्याउने जस्ता काम उनीहरूको प्राथमिकतामा परेको पाइयो। स्थानीय सडक निर्माणका लागि बजेट बिनियोजन गर्ने र आफ्नै नेतृत्वमा ती काम सम्पन्न गर्नुलाई गर्व गर्न लायक कामको रूपमा व्याख्या गर्छन। स्थानीय वडाको आवश्यकता पहिचान गरी योजना निर्माण गर्ने र कार्यपालिकामा पेश गर्ने जिम्मेवारी केही दलित महिला प्रतिनिधिले पाएका छन्।

आफ्नो वडाको लागि योजना बनाउने र कार्यपालिकालाई दबाब दिएरै भएपनि आफ्नो वडामा केही विकास निर्माणका काम पार्न सफल हुनुलाई दलित महिला प्रतिनिधिले उपलब्धीका रूपमा लिएका छन्। यस अध्ययनका क्रममा दलित महिला प्रतिनिधिहरूले महिला लक्षित केही कार्यक्रम स्थानीय तहमा सञ्चालन गरेको पाइयो। यसबाहेक स्थानीय तहमा महिला समूहको गठन र बचत कार्यक्रम सञ्चालन गर्ने, महिलाका लागि सीपमुलक तालिम सञ्चालनका लागि बजेट बिनियोजना गराउने काम गर्न सकिएको उनीहरूको अनुभव छ। यसका महिलामाथि हुने हिंसाविरुद्धको अभियान, महिला अधिकारका लागि अभिमुखिकरण र सशक्तिकरण कार्यक्रमका लागि केही बजेट बिनियोजन गरिएको पाइएको छ। तर, यस्ता कार्यक्रम गर्नका लागि पनि दलित महिला प्रतिनिधिले निकै ठूला चुनौतीको सामना गर्नुपरेको देखिन्छ।

दलित महिला जनप्रतिनिधिले ल्याएका योजना सहजै पारित नगर्ने, अल्मल्याउने वा सकभर ती योजनामा आफ्नै स्वामित्व स्थापित गर्न स्थानीय सरकारको नेतृत्व अग्रसर भएको उनीहरूको गुनासो छ। तर, दलित महिलाले प्रस्तुत गरेको जनताका महत्वपूर्ण योजना स्वीकृत नहुँदासम्म निर्णयमा हस्ताक्षर नै नगर्ने वा नेतृत्वमाथि दबाब सिर्जना गर्ने काम दलित महिला जनप्रतिनिधिले बढाउँदै लगेका छन्। यसले स्थानीय सरकारका मुख्य प्रतिनिधिलाई मनोमानी रूपमा निर्णय गर्न नदिने अवस्था सिर्जना भएको छ। यद्यपि, दलित र सिमान्तीकृत समुदायको अधिकार स्थापित गर्ने सवालमा अझैं सशक्त दबाब भने पुग्न सकेको छैन।

## अध्याय ६

# दलित महिला प्रतिनिधिले भोगेका मुख्य चुनौती

जात व्यवस्था भएको समाजमा राजनीतिक शक्ति मूलतः शासक जाति वा समुदायले नै कब्जा गरिरहेको हुन्छ। यसैको परिणाम नेपालका राजनीतिक सत्ताको नेतृत्व खस आर्य समुदायले गरिरहेको छ। नेपालका राज्यसत्ता होस् वा पार्टीसत्ता निश्चित जाति वा समुदायको नियन्त्रणमा रहँदै आएको छ। त्यसैले जातीय र लैङ्गिक विभेदकारी शक्ति-सम्बन्धलाई रूपान्तरण गरी दलित र सिमान्तीकृत समुदायको अधिकार स्थापित गर्न निकै चुनौतीपूर्ण छ। स्थानीय सरकारको गठन भएको करिब पाँच वर्षसम्म दलित महिलाले भोगेका चुनौतीबारे अध्ययन गर्दा उनीहरूले कम्तीमा आठ प्रकारका चुनौतीसँग संघर्ष गर्नुपरेको देखियो। दलित महिला प्रतिनिधिले स्थानीय सरकारको प्रतिनिधिको भूमिका निर्वाह गर्दा भोग्नु परेको ती चुनौतीबारे यहाँ संक्षिप्तमा चर्चा गरिएको छ :

## १. संरचनागत चुनौती

नेपालको संविधानले सबै जातजाति, भाषा, धर्म, संस्कृति र भूगोलको राज्यसत्तामा समावेशीकरण हुनुपर्ने कुरालाई सैद्धान्तिक रूपमा स्वीकार गरेको छ। समावेशीकरण सम्बन्धी संवैधानिक र कानुनी व्यवस्थाकै कारण दलित महिला स्थानीय सरकारका प्रतिनिधिका रूपमा निर्वाचित भए। यद्यपि, अहिले भएको प्रतिनिधित्व राजनीतिक शक्ति-रूपान्तरण गर्न सक्ने हैसियतमा पुग्न सकेको छैन। स्थानीय तहको नीति निर्माण गर्ने मूल नेतृत्वमा दलित र दलित समुदायका महिलाको प्रतिनिधित्व पुग्न सकेको छैन भने स्थानीय सरकारको संरचनामा दलित महिलाको संख्या अत्यन्तै थोरै छ। त्यसैले जातव्यवस्था र पितृसत्ताको दबदबा रहेका स्थानीय संरचनासँग दलितमैत्री

नीति, कार्यक्रम, निर्माण र कार्यान्वयन गर्न सहज अवस्था बन्न सकेको छैन। यसैगरी नीति निर्माण गर्ने मुख्य भूमिकामा दलित नहुनु, आम समुदायले आफ्नो प्रतिनिधि वा नेतृत्वको रूपमा सहजै स्वीकार नगर्नु र प्रत्यक्ष वा अप्रत्यक्षरूपमा विभेद भोग्नु पर्ने अवस्था कायमै रहनु दलित महिला सदस्यले भोग्नु परेको गम्भीर चुनौती हो। यस्तो विभेद र बहिस्करणले दलित महिलालाई आत्मविश्वास सहित काम गर्ने वातावरणको अभाव प्राप्त हुँदैन र यसैको परिणाम दलितमैत्री ऐन, नीति, नियम, कार्यक्रम, बजेट विनियोजन, संयन्त्र निर्माण गर्न असहज परिस्थिति निर्माण भएको छ। यसका साथै राजनीतिक सत्ताका प्रमुख पदमा रहेका व्यक्तिबाट पनि आवश्यक सहयोग प्राप्त हुन नसक्नु मूलतः संरचनागत समस्या नै हो। स्थानीय तहमा निर्वाचित दलित महिलाले यस्ता समस्या र चुनौतीसँग सामना गर्नु परिरहेको छ।

## २. संवैधानिक र कानुनी स्पष्टता

नेपालको संविधानले मौलिक हकअन्तर्गत समानताको हक, महिलाको हक, दलितको हक र सामाजिक न्यायको हकमा सबै उत्पीडित जाति र समुदायको समानुपातिक प्रतिनिधित्वको हकको सुनिश्चितता गरेको छ। यद्यपि, वि.सं. २०७४ मा सम्पन्न भएको निर्वाचनका क्रममा लागू हुन सकेन। केही मात्रामा दलित र दलित महिलाको सहभागीता भए पनि परम्परागत विभेदकारी शक्तिलाई रूपान्तरण गर्ने सामर्थ्य सहितको निर्णायक तहमा उनीहरूको प्रतिनिधित्व पुग्न सकेन। स्थानीय तह निर्वाचन ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम प्रत्येक वडामा कम्तीमा एकजना दलित महिलाको प्रतिनिधित्व त भयो तर उनीहरूलाई संवैधानिक र कानुनी रूपमा स्पष्ट जिम्मेवारी तोकिएन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दलित महिला प्रतिनिधिका भूमिका स्पष्ट उल्लेख नभएका कारण उनीहरू भूमिकाबिहीन अवस्थामा रहनु पर्‍यो। यसैगरी नेपाल संघीयतामा प्रवेश गरेपछि गठन भएको स्थानीय तह बिलकूल नयाँ संरचना भएका कारण दलित महिलालाई उनीहरूका अधिकार क्षेत्र, जिम्मेवारी र भूमिकाबारे स्थानीय सरकारले प्रशिक्षित गर्ने कामको जिम्मेवारी नै लिएन। आफ्ना सदस्यको क्षमता अभिवृद्धि गर्ने, कानुनी र संवैधानिक जटिलताकाबीच काम गर्ने रणनीतिक योजना बनाउने र उनीहरूको भूमिकालाई सशक्त बनाउने काम स्थानीय सरकारले नगरेका कारण दलित महिलाले निकै समस्या भोग्नु परेको थियो।

## ३. राजनीतिक अनुभवको अभाव

स्थानीय तहमा निर्वाचित दलित महिलाभित्र रहेका आफ्नै समस्याका कारण अपेक्षित उपलब्धी प्राप्त गर्न सकिएन। निर्वाचित दलित महिलामध्ये धेरैजसो लामो राजनीतिक जीवन यापन गरेर आएका थिएनन्। कतिपय सामान्य राजनीतिक कार्यकर्ता थिए भने कतिपय सामाजिक संघसंस्थामा संलग्न थिए। कतिपय भने राजनीतिक सुझबुझ नै नभएका व्यक्ति पनि निर्वाचनमा उम्मेदवार बनाइएका थिए। लामो समयसम्मको राजनीतिक अभ्यास नभएका कारण उनीहरूले आफ्ना शक्ति-अभ्यास प्रभावकारी रूपमा गर्न सकेनन् भने संवैधानिक, कानुनी अधिकारका साथै स्थानीय तहको क्षेत्राधिकारबारे पर्याप्त जानकारीका अभावमा पनि दलित महिला पछाडि पर्नुपरेको थियो। दलित समुदायका महिला प्रतिनिधिलाई संवैधानिक, कानुनी व्यवस्था, दलित अधिकार, महिला अधिकार, राजनीतिक नीति निर्माण र नेतृत्व आदि जस्ता विषयमा पर्याप्त मात्रामा जानकारी भएको भए यसले गुणस्तरीय परिणाम ल्याउन सक्थ्यो। यसैगरी स्थानीय सरकारको कार्यक्षेत्रबारे अन्यौलता दलित महिला प्रतिनिधिहरूमा देखिन्छ। ऐनले व्यवस्था गरेका क्षेत्राधिकार भित्र रहेर कस्ता कानुन, ऐन, नीति तथा कार्यक्रम बनाउने र तिनलाई दलितमैत्री कसरी बनाउन सकिन्छ भन्ने विषयमा दलित महिला प्रतिनिधिको ज्ञानमा सीमितता रहेको देखिन्छ। यसका साथै कसरी ती मुद्दालाई कार्यपालिकासम्म पुऱ्याउने वा कानुन, नीति, नियम बनाउने विधि वा प्रक्रियाबारे प्रष्टता नभएका कारण दलित महिला प्रतिनिधिले प्रभावकारी भूमिका खेल्न सकिरहेका छैनन्। दलित महिला जनप्रतिनिधिमा स्थानीय सरकारको क्षेत्राधिकार, जनप्रतिनिधिको अधिकार र भूमिकाबारे प्रष्ट बुझाइको अभावका साथै नेतृत्व दाबी गर्ने, जबरजस्त मुद्दा स्थापित गर्ने र कार्यान्वयन गर्नेजस्ता सवालमा आवश्यक आत्मविश्वासका कमीका कारण पनि उनीहरू पछाडि पर्नुपर्ने अवस्था छ।

## ४. सांस्कृतिक विभेदको निरन्तरता

नेपाली समाज मूलत : पितृसत्तात्मक शक्ति-सम्बन्धमा आधारित छ। यसैका आधारमा मानिसको सांस्कृतिक मनोविज्ञानको निर्माण भएको हुन्छ। सोही विभेदकारी मनोवृत्तिका कारण नेपाली समाजले महिलाको नेतृत्वलाई सहजै स्वीकार गर्न तयार हुँदैन। अझ

त्यसमा पनि दलित महिलालाई दलित महिलालाई हेर्ने विभेदकारी सांस्कृतिक मनोविज्ञान दलित महिला जनप्रतिनिधिको सवालमा पनि हावी भएको पाइन्छ। राजनीतिक नेतृत्वले दलित महिलाले गर्न सक्दैनन् भन्ने मानसिकता राखेको देखिन्छ, त्यसैले उनीहरू महत्वपूर्ण जिम्मेवारी दिँदैनन् । यसैगरी दलित भएका कारण विशेषगरी गैरदलित समुदाय र सो समुदायको राजनीतिक नेतृत्वले दलित महिलाको नेतृत्व स्वीकार गर्दैनन्। यस्तो प्रवृत्तिले पनि दलित महिला जनप्रतिनिधिले चाहेअनुरूपको काम गर्न सक्ने वातावरण बनेको देखिँदैन ।

यसैगरी दलित महिला प्रतिनिधि स्थानीयले स्थानीय तहमा विभिन्न कार्यक्रम, अनुगमन वा मूल्यांकनमा सहभागी हुँदा दलित भएकै कारण विभेद भोग्नु परेको अवस्था छ। उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष अपमान र विभेद भोगिरहनु पर्ने अवस्था दलित महिला प्रतिनिधिको अर्को चुनौती हो । यतिमात्रै होइन, वडा कार्यालयमा पनि अप्रत्यक्ष रूपमा विभेद हुने गरेको दलित महिला प्रतिनिधिहरूको अनुभव छ।

दलित महिला प्रतिनिधिको अनुभवमा नबोल्दा आफ्ना सरोकार नउठाएको ठहरिने र बोल्दा स्थानीय सरकारका प्रतिनिधिले नै नसुन्ने वा मुद्दा उठाएबापत समस्या सिर्जना गर्ने अवस्था बढ्दै गएको छ। विशेषगरी दलित समुदायका लागि लक्षित बजेटको माग, विभेद अन्त्यका लागि कार्यक्रमको माग आदि गर्दा अधिकार दाबी गर्ने प्रतिनिधि र दबाउन खोज्ने प्रतिनिधिबीचको द्वन्द्व बढ्दो क्रममा छ। यसका साथै कतिपय अवस्थामा प्रमुख प्रशासकीय अधिकृतका साथै कर्मचारी प्रशासनले दलित समुदायका महिला प्रतिनिधिका मुद्दालाई सहजीकरण गर्ने काम रुचिपूर्वक नगरेको पाइयो। यद्यपि, दलित महिला प्रतिनिधिले आफ्नो समुदायको माग दाबी स्थानीय सरकाभित्र बढाउँदै लगेका छन्।

यसैगरी दलित समुदायका महिलाले वडाबाट प्राप्त जिम्मेवारी इमान्दारीतापूर्वक पूरा गरेका छन्। इमान्दारीताका साथ काम गरेकै कारण उनीहरू बिस्तारै जनस्तरमा लोकप्रिय हुँदै गएका पनि छन्। तर, दलित समुदायका महिला जनप्रतिनिधिको सक्रियता र इमान्दारिताका कारण उनीहरू लोकप्रिय हुन्छन् र नेतृत्वका रूपमा स्थापित हुन्छन् भन्ने त्रास समकक्षीहरूमा समेत हुने गरेको पाइएको छ। त्यसैले उनीहरूलाई

धेरै भूमिका नदिने, सामाजिक-राजनीतिक प्रभाव पार्न सक्ने भूमिकाबाट बञ्चित गर्ने क्रियाकलाप पनि भइरहेको दलित महिला जनप्रतिनिधिको अनुभव छ। दलित महिला राजनीतिमा स्थापित हुन्छन् भन्ने अन्य समुदायको त्रास पनि बाधाको रूपमा सिर्जना भएको छ। यसैगरी पितृसत्तात्मक सोंच, चिन्तन र व्यवहारका कारण अत्यन्तै क्षमतावान निर्वाचित दलित महिला जनप्रतिनिधि पनि स्वस्फूर्त रूपमा काम गर्न पाइरहेका छैनन्। धेरैजसो दलित महिला जनप्रतिनिधिलाई पारिवारिक सहयोग प्राप्त भएको छ, यद्यपि, कतिपय प्रतिनिधिको भने सशक्त राजनीतिक नेतृत्व क्षमता भए पनि पारिवारिक असहयोगका कारण खुम्चिनुपर्ने बाध्यात्मक अवस्था छ। यसका साथै उनीहरू मूलतः दलित समुदायका प्रतिनिधि भएका कारण स्वभाविक रूपमा दलित सवाल उठाउँछन्। तर, 'सँधै दलितको मात्रै कुरा गर्ने', 'दलितले मात्रै भोट दिएर जितेको हो र ?' भन्ने जस्ता प्रश्न गरेर अनावश्यक दबाब सिर्जना गर्ने काम पनि स्थानीय तहका दलित महिला प्रतिनिधिले भोगेका छन्। यो पनि एउटा बाधाको रूपमा रहेको देखिन्छ।

## ५. आर्थिक समस्या

नेपालको दलित समुदाय आर्थिक रूपमा निकै कमजोर अवस्थामा छ। वि.सं. २०६८ को सर्वेक्षणलाई नै आधार मान्ने हो भने पनि करिब ४२ प्रतिशत दलित गरिबीको रेखामुनी रहेका छन्। कतिपय दलित महिला सदस्यको जीविकाको स्रोत ज्यालामजदुरी हो। तर, स्थानीय तहमा निर्वाचित भए पनि उनीहरू मूलतः स्वयमसेवी भूमिका रहेर काम गर्छन। दैनिक खर्च चलाउन समेत अप्ठ्यारो परिस्थितिमा बाँच्नु पर्ने वडा सदस्यहरू आफ्नै खर्चमा जनताका काममा संलग्न हुनुपर्ने हुन्छ। स्थानीय सरकारबाट प्राप्त हुने सीमित रकमले उनीहरूका पारिवारिक जिम्मेवारी बहन गर्न र जनताको सेवामा खटिन निकै गाह्रो रहेको दलित महिला जनप्रतिनिधिहरू बताउँछन्। आर्थिक आवश्यकता र अभावबीचको अन्तद्वन्द्वले दलित महिला जनप्रतिनिधि समस्यामा परेका छन्।

## ६. विरोधी सार्वजनिक भाष्यको निर्माण

नेपालमा संघीयता पूर्णतः नयाँ शासकीय स्वरूप हो। यस्तो शासकीय स्वरूपबारे धेरै मानिस जानकार थिएनन्। अभ्यास गर्दै सिक्दै जाने क्रममा अन्य पदाधिकारीलाई

जस्तै दलित समुदायका महिला जनप्रतिनिधिलाई स्थानीय सरकार, यसको कार्यक्षेत्र, आफ्नो अधिकार र दायित्व आदिबारे बुझ्न निकै समय लाग्यो । करिब दुईवर्ष सिक्दै बिताएका जनप्रतिनिधि त्यसपछि कोरोना महामारी रोकथामका लागि खटिनुपर्ने अवस्था आयो । त्यसैले उनीहरूले अपेक्षाअनुरूप अन्य काममा संलग्न पाएनन् । यद्यपि, स्थानीय सरकारले जनअपेक्षा अनुरूप नीति निर्माण गर्ने र सोहीअनुरूपको कार्यक्रम तय गर्ने वा कार्यान्वयन गर्ने काम भने अपेक्षा गरे बमोजिम गर्न सकेनन् ।

समग्र स्थानीय सरकारले काम गर्न नसकेपछि दलित महिला जनप्रतिनिधिले पनि केही गरेनन् भन्ने भाष्य निर्माण हुनु स्वभाविक थियो । तर, विशेषगरी दलित महिला प्रतिनिधिलाई इङ्गित गरेर उनीहरूले केही गर्न सकेनन् भन्ने भाष्य निर्माण भएको छ । यसले पनि दतिल महिला जनप्रतिनिधिलाई अप्ठ्यारो पारेको महसुस गरेका छन् । यतिमात्रै होइन, दलित महिला जनप्रतिनिधिलाई निर्वाचित गरे पनि त्यसले सामाजिक-राजनीतिक रूपान्तरणमा खासै भूमिका खेल्न नसकेको हुँदा यस्तो पद नै खारेज गर्दा पनि हुन्छ भन्ने जनमत पनि बन्दै गइरहेको छ । उनीहरूले गरेको कामको समीक्षा गर्ने र मूल्याङ्कन गर्ने विधि नभए पनि यस्ता आवाज उठ्ने र त्यस्तै जनमत बन्ने खतरा बढेको छ भने उनीहरूले काम गर्न सक्ने वातावरण किन बनेन भन्ने विषयमा पनि गम्भीर समीक्षा गर्न आवश्यक रहेको देखिन्छ । त्यसैले स्थानीय तहका दलित महिला जनप्रतिनिधिबारे हल्का टिप्पणी गरेर उनीहरूको मनोबल नै कमजोर पार्ने काम पनि उनीहरूका चुनौतीको रूपमा आएको देखिन्छ ।

## ७. स्थानीय सरकारको रणनीतिक योजनाको अभाव

स्थानीय तहमा प्रतिनिधि निर्वाचित भइसकेपछि उनीहरूलाई आधारभूत आवश्यकताको रूपमा रहेको संवैधानिक, कानुनी व्यवस्था, स्थानीय सरकारको क्षेत्राधिकार, वडा सदस्यको काम, कर्तव्य, अधिकार र भूमिका आदिबारे सशक्तिकरण गर्ने दायित्व स्थानीय सरकारको हो । आफ्ना प्रतिनिधिलाई कसरी सशक्त बनाउने र परिचालन गर्ने भन्ने विषयमा स्थानीय सरकारको खासै ध्यान पुग्न सकेको देखिएन ।

स्थानीय सरकार सञ्चालन गर्दा आउन सक्ने सम्भावित जोखिम, ती जोखिमलाई सम्बोधन गर्ने विधिका साथै स्थानीय तहले निर्माण गर्नुपर्ने ऐन, नीति, नियम, बजेट बिनियोजन र कार्यक्रम निर्माणजस्ता विषयमा उनीहरूलाई प्रशिक्षित गरिएन। बिस्तारै दलित समुदायका महिला प्रतिनिधिले समावेशीकरण, महिला नेतृत्व विकास, जातीय विभेदविरुद्धको कार्यक्रम आदि माग बढाउँदै गएको देखिन्छ। यद्यपि, रणनीतिकरूपमा ती मुद्दालाई कसरी उठाउने र कसरी आफ्ना मुद्दा नीतिगत र कार्यक्रममा समावेश गर्न दबाब दिने जस्ता विषयमा भने पर्याप्त मात्रामा रणनीति बनाउने काम हुन सकेन। त्यसैले रणनीतिक रूपमा दलित महिला जनप्रतिनिधिलाई प्रशिक्षित गर्ने र आफ्नो सवाललाई सशक्तरूपमा उठाउने काम हुन सकेन। यस्तो रणनीतिक काम नहुनुको परिणाम दलित समुदायले आफ्नो अधिकारको प्रभावकारी अभ्यास गर्न सक्ने वातावरण बनेन।

## ८. सहयोगी हातको अभाव

दलित महिला प्रतिनिधिले आफ्नो सरोकार वा मुद्दा उठाउनका लागि सहयोग गर्ने समूह नहुनु अर्को चुनौती हो। निर्वाचित दलित महिला प्रतिनिधि कुनै राजनीतिक दलबाटै निर्वाचित भएका छन् तर उनीहरूको क्षमता अभिवृद्धि गर्न वा भूमिकालाई प्रभावकारी बनाउन न त राजनीतिक दलले कुनै सहयोग गरेका छन् न त ती राजनीतिक दलभित्रका महिला संगठन र दलित संगठनले नै केही काम गरेका छन्। आवश्यक प्रशिक्षण दिने, प्रोत्साहन दिने र आवश्यक परेको अवस्थामा निरन्तर सहयोग गर्ने विश्वासिलो आधार नभएका कारण दलित महिला प्रतिनिधिले महिला र दलित समुदायका सवाललाई स्पष्ट र सशक्त रूपमा उठाउन सकिरहेका छैनन्। राजनीतिक दलले निर्वाचनमा टिकट दिने र निर्वाचित भएपछि आफ्नो स्वार्थ अनुकूल काम गर्न दलित महिला प्रतिनिधिलाई दबाब दिएका थुप्रै उदाहरण भेटिएका छन्। तर, उनीहरूलाई आवश्यक सशक्तिकरण गर्ने र प्रशिक्षित गर्ने काम भने खासै गरेका छैनन्। यसैगरी दलित महिला राजनीतिक दलका नेता/कार्यकर्ताका साथै ती पार्टीका महिला र दलित संगठनका सदस्य पनि हुन्। दलित महिला जनप्रतिनिधिको क्षमता अभिवृद्धि

गर्नुका साथै आवश्यक नीति निर्माण गर्न, योजना तथा कार्यक्रम तय गर्न र प्रभावकारी रूपमा कार्यान्वयन गर्न ती संगठनहरूले साथ दिन सक्थे। यसैगरी समाजमा रहेका राजनीतिक सुझबुझ भएका सचेत नागरिकले पनि दलित महिलालाई स्थानीय तहमा सहयोग गर्ने, हौसला प्रदान गर्ने र उनीहरूलाई सशक्त रूपमा आफ्नो भूमिका निर्वाह गर्ने काममा सघाएको पाइएन्।

स्थानी दलित समुदायसँग सम्बन्धित सामाजिक संघसंस्थाले दलित महिला जनप्रतिनिधिको भूमिका सशक्त बनाउन क्षमता अभिवृद्धिका तालिम सञ्चालन गरेको पाइयो। यस्ता कार्यक्रमबाट दलित महिला जनप्रतिनिधिको भूमिका थप सशक्त बनाउन सहयोग पुगेको देखिन्छ। यद्यपि, सबै स्थानीय तहका दलित महिला जनप्रतिनिधिसम्म सामाजिक संघसंस्था पुग्न सम्भव हुने थिएन। यसरी हेर्दा दलित महिला जनप्रतिनिधिलाई स्थानीय सरकार, सम्बन्धित राजनीतिक दल, ती दलका महिला र दलित भातृसंगठन र सामाजिक अगुवाले समेत आवश्यक सहयोग नगरेका कारण पनि थप चुनौतीको सामना गर्नुपरेको उनीहरूको अनुभव छ।

# अध्याय ७

# निष्कर्ष र सुझाब

## निष्कर्ष

संघीयताको कार्यान्वयनसँगै मूलतः स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व ऐतिहासिक रूपमा बृद्धि भएको छ। इतिहासमा नै पहिलो पटक निकै ठूलो संख्यामा दलित महिला स्थानी सरकारमा सामेल भएका छन्। वडा सदस्य, कार्यपालिका सदस्य, न्यायिक समिति सदस्य आदि भूमिकामा क्रियाशील दलित महिला जनप्रतिनिधि बेलाबखत कार्यबहाक वडा अध्यक्षको भूमिकामा रहेर पनि काम गरेका छन्। यसले दलित महिलालाई राजनीतिक तथा राज्यसत्ता वा स्थानीय सरकार र राजनीतिक नेतृत्वले गर्ने शक्ति-अभ्यासबारे बुझ्ने महत्वपूर्ण अवसर मिलेको छ। कतिपय दलित महिला सदस्यले प्रभावकारी रूपमा राजनीतिक शक्तिको अभ्यास गर्न सफल भएका छन् भने धेरैजसो दलित महिला विविध चुनौतीका कारणले त्यस्तो शक्ति अभ्यास गर्न सकेका छैनन्। यद्यपि, बिगत पाँच वर्षको अवधिमा ठूलो संख्यामा दलित महिला राजनीतिक रूपमा सशक्त भएका छन्।

यो अवधिमा दलित महिला जनप्रतिनिधिले क्षमता अनुरूपको जिम्मेवारी पाएनन्। कानुनी रूपमा नै जिम्मेवारी नतोकिएका कारण पनि आफ्नो भूमिकाबारे लामो समयसम्म अलमलमै बस्नुपर्ने अवस्था थियो। यद्यपि, दलित महिला जनप्रतिनिधिले कतिपय वडाले दिएको त कतिपय आफैंले भूमिका खोजेर जिम्मेवारी बहन गरेका छन्। यसरी लिएका जिम्मेवारी इमान्तदारीपूर्वक निर्वाह गरेर उनीहरूले सामाजिक पहिचान

पनि बनाउन सफल भएका छन् । तथापि, सामाजिक-सांस्कृतिक विभेद र नेतृत्वलाई अस्वीकार गर्ने प्रवृत्तिका कारण उनीहरूलाई ती जिम्मेवारी पूरा गर्न भने सहज थिएन। स्थानीय तहका दलित महिला प्रतिनिधि जबरजस्ता नेतृत्वको रूपमा विकसित हुँदै आइरहेका छन् ।

स्थानीय सरकारलाई स्थानीय वस्तुगत यसै गरी दलित महिलाले प्रभावकारी रूपमा दलितसँग सम्बन्धित नीति, कार्यक्रम, बजेट बिनियोजना जस्ता गतिविधिमा प्रभावकारी रूपमा भूमिका खेल्न सक्ने राजनीतिक वातावरण स्थानीय तहमा बन्न सकेको छैन। दलितको मात्रै मुद्दा उठाउने गरेको आरोप समेत स्थानीय दलित महिला प्रतिनिधिलाई लाग्ने गरेको छ। यसका साथै दलित महिलाको क्षमता अभिवृद्धि गर्ने काममा स्थानीय सरकारले नै नीति निर्माण गर्ने र सोहीअनुरूपको कार्यक्रम निर्माण गरी लागू गर्न सक्छन् । तर, स्थानीय सरकारले यस्तो नीतिगत व्यवस्था र कार्यक्रम बनाउन सकेको छैन। यसैगरी निर्वाचित दलित महिलालाई प्रशिक्षित गर्ने, भूमिकालाई सशक्त र प्रभावकारी बनाउने काम न त राजनीतिक दलहरूले गरेका छन् नत दलित संगठन वा महिला संगठनले नै गरेका छन् । दलित महिलाको स्थानीय तहमा प्रतिनिधित्व भए पनि यसलाई प्रभावकारी बनाउने र परिणाममुखी काम गर्ने राजनीतिक वातावरण बन्न सकिरहेको छैन। यद्यपि, दलित महिलाले आफ्नो बुद्धि र विवेकले भ्याएसम्म दलित अधिकारको कार्यान्वयनका लागि प्रयत्न भने गरिरहेका छन् ।

दलित महिला जनप्रतिनिधिले विविध चुनौतीका बाबजुत झण्डै पाँच वर्षको कार्यकाल पूरा गर्न थालेका छन्। यो अवधिमा उनीहरूले गरेका अनुभवले आगामी दिनमा राजनीतिक नेतृत्व गर्ने र अझ महत्वपूर्ण भूमिका निर्वाह गर्ने आत्मविश्वास पनि बढाएको छ। आफ्नो कार्यकालमा गरेका कामको समीक्षा गर्दै आगामी राजनीतिक दिशा निर्देश गर्न जरुरी छ। बिगतमा गरेका सकारात्मक के थिए र कसरी गरिएको थियो ? आम समुदायका साथै दलित र महिलाका सवालमा कस्ता काम भए र ती काम गर्दा कस्ता चुनौती आएका थिए ? कार्यकालमा आएका चुनौतीको सामना कसरी गरियो र आगामी राजनीतिक यात्रा कसरी अगाडि बढाउने भन्ने विषयमा स्पष्ट

मार्ग चित्र निर्माण गर्न आवश्यक छ। यो अध्ययनबाट प्राप्त तथ्य र विचारले दलित महिलाको आगामी राजनीतिक योजना र रणनीति बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## सुझाबहरु

**दलित समुदायका महिला जनप्रतिनिधि**

- स्थानीय तहमा प्रतिनिधित्व गर्नुको अर्थ समग्र जनतालाई संवैधानिक र कानुनी अधिकारको प्रत्याभूति गराउनु र जनताको आवश्यकताका आधारमा सेवा सुविधा प्रदान गर्न नीति, नियम, कार्यक्रम बनाउनु हो। त्यसैले दलित महिला सदस्य राजनीतिक शक्ति-सम्बन्ध, संवैधानिक र कानुनी व्यवस्था, स्थानी सरकारको क्षेत्राधिकार र सदस्यको अधिकार क्षेत्र आदिबारे जानकार हुनुपर्छ। त्यसैले स्थानीय तहका प्रतिनिधिलाई आवश्यक ज्ञान र क्षमता विकासमा विशेष ध्यान दिन जरुरी छ।
- स्थानीय सरकारले संविधान र कानुनमा भएका व्यवस्थाको कार्यान्वयन गर्नुका साथै स्थानीय तहको आवश्यकताका आधारमा ऐन, नीति, नियम र कानुन बनाउन सक्छ। त्यसैले मूलतः दलित र महिलाका सन्दर्भमा उपलब्ध संवैधानिक र कानुनी व्यवस्थाको कार्यान्वयनमा विशेष योजना बनाएर कार्यान्वयन गर्नुपर्छ।
- दलित समुदायबाटै प्रतिनिधित्व गर्ने भएका कारण दलित समुदायका अधिकार स्थापित गर्नका लागि आवश्यक नीतिगत व्यवस्था, बजेट र कार्यक्रम तय गर्नका लागि सहयोगी समूह तयार गर्नुपर्छ। जुन समूहबाट आवश्यक सरसल्लाह र सुझाब लिन सकियोस्।
- दलित महिला प्रतिनिधिले स्थानीय सरकारमा गर्ने कामबारे स्पष्ट दृष्टिकोणसहित रणनीति बनाएर अगाडि बढ्न सकेमा अपेक्षित उपलब्धी प्राप्त गर्न सम्भव हुन्छ।

स्थानीय सरकार

- दलित महिला प्रतिनिधि स्थानीय सरकारकै महत्वपूर्ण अङ्ग भएका कारण उनीहरूको क्षमता अभिवृद्धका लागि स्थानीय सरकारले नै सहयोग गर्नुपर्छ। यसका लागि स्थानीय सरकारले प्रत्येक वर्ष अनिवार्य दलित महिला प्रतिनिधिको क्षमता र

नेतृत्व विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ।

- स्थानीय सरकारले सामाजिक रूपान्तरणका कार्ययोजना सहित दलित महिला प्रतिनिधिलाई निश्चित जिम्मेवारी तोकिदिनुपर्छ। जिम्मेवारीले नै नेतृत्व निर्माण गर्ने भएका कारण दलित महिला प्रतिनिधिलाई स्थानीय सरकारभित्रका विभिन्न समिति, उपसमितिको नेतृत्व लिने र विकास निर्माणका साथै सामाजिक रूपान्तरणका एजेण्डामा नेतृत्व दिने काम स्थानीय सरकारले गर्नुपर्छ।
- स्थानीय सरकारलाई विभिन्न कानुन, नीति, कार्यक्रम आदि बनाउने अधिकार दिइएको छ। स्थानीय आवश्यकताको पहिचान गरी त्यस्ता कानुन, नीति तथा कार्यक्रम निर्माणको अगुवाइ गर्ने काममा दलित महिला प्रतिनिधिलाई भूमिका दिइनुपर्छ।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न स्थानीय सरकारले अल्पकालीन र दिर्घकालीन कार्ययोजना बनाउने र उक्त कार्यक्रमको नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमनको जिम्मेवारी दलित महिला प्रतिनिधिलाई दिने नीति लिनुपर्छ।
- स्रोत अनुगमन तथा बजेट सीमा निर्धारण समिति, बजेट अनुगमन तथा तर्जुमा समितिमा अनिवार्य दलित महिलाको प्रतिनिधित्व हुने व्यवस्था गरिनुपर्छ।
- स्थानीय सरकारले दलित तथा सीमान्तीकरणमा पारिएका समुदायका सरोकार र आवश्यकतालाई प्राथमिकता दिने नीति बनाउने र ती कामको नेतृत्व नीतिगत रूपमै दलित जनप्रतिनिधिलाई दिने
- स्थानीय सरकारले नै दलित महिला प्रतिनिधिको भूमिका प्रभावकारी बनाउन आवश्यक सामाजिक–राजनीतिक वातावरण निर्माण गरिनुपर्छ।
- जातीय विभेद अन्त्यका लागि स्थानीय सरकारले वार्षिक कार्यक्रम नै बनाएर दलित महिला प्रतिनिधिको नेतृत्वमा जागरण अभियान सञ्चालन गरिनुपर्छ।
- स्थानीय सरकारले दलित समुदायको राजनीतिक, आर्थिक, सामाजिक विकासका लागि अनिवार्य बजेट तथा कार्यक्रम तयार पार्ने र त्यसको नेतृत्व गर्ने जिम्मा दलित महिला प्रतिनिधिलाई दिनुपर्छ।
- जातीय विभेद अन्त्यका लागि स्थानीय सरकारले प्रत्येक वडामा निगरानी केन्द्र

सञ्चालन गर्ने जसको सुपरीवेक्षण गर्ने काम दलित महिला प्रतिनिधिहरूलाई दिनुपर्छ।

- स्थानीय सरकारका अन्य प्राथमिकतामा रहेका काममा सक्रियतापूर्वक सहभागी हुने वा नेतृत्व लिने अवसर दलित महिलालाई दिइनुपर्छ।

**राजनीतिक दल**

- राजनीतिक दलले दलित महिलालाई स्थानीय तहमा निर्वाचनका लागि टिकट दिने र निर्वाचित गराउने तहसम्म प्रभावकारी भूमिका खेलेका छन्। तर, पार्टीबाट निर्वाचित दलित समुदायका जनप्रतिनिधिको भूमिकालाई सशक्त बनाउन उनीहरूको क्षमता अभिवृद्धि गर्ने, स्थानीय तहमा गर्नु पर्ने कामबारे प्रशिक्षित गर्ने र उनीहरूलाई सहयोग गर्ने कुनै भूमिका निर्वाह गरेको देखिँदैन। सहयोगको आवश्यकता भएका जनप्रतिनिधिलाई राजनीतिक दलले सहयोग गर्नुपर्छ।
- स्थानीय तहका दलित महिला जनप्रतिनिधिले विविध किसिमका समस्या र चुनौतीको सामना गरिरहनु परेको छ। तर, ती सवालबारे राजनीतिक दल अनविज्ञ जस्तै देखिन्छन्। दलित महिला भएकै कारण उनीहरूमाथि विभेद हुने गरेको छ। नेतृत्वको रूपमा स्वीकार गरिएको छैन। त्यसैले यस्ता विभेदकारी व्यवहारको अन्त्य गर्न राजनीतिक दलले साथ दिनुपर्छ

**राजनीतिक दलका भातृसंगठन**

- स्थानीय तहमा प्रतिनिधित्व गर्ने दलित महिला जनप्रतिनिधि महिला आन्दोलनको हिस्सा पनि हो। तर, नेपालका राजनीतिक दलका महिला संगठनले ती महिलाका सरोकारबारे खासै चासो राख्ने गरेको पाइएन। त्यसैले राजनीतिक दलका महिला संगठनले पनि दलित महिलालाई सहज रूपमा स्थानीय तहमा काम गर्न सक्ने वातावरण निर्माण गर्न सहयोग गर्नुपर्छ।
- दलित समुदायका महिला जनप्रतिनिधिको क्षमता अभिवृद्धिका साथै उनीहरूको भूमिका महिला अधिकार र दलित अधिकार स्थापित गर्न कसरी सशक्त बनाउन

सकिन्छ भन्ने विषयलाई ध्यान दिएर दलित महिला प्रतिनिधिलाई सहयोग गर्नुपर्छ।

- नेपालका सबैजसो ठूला राजनीतिक दलका दलित भातृसंगठन छन्। स्थानीय तहमा निर्वाचित दलित महिला जनप्रतिनिधि र ती संगठनबीच खासै सहकार्य हुन सकेको देखिँदैन। त्यसैले दलित समुदायकै तर्फबाट स्थानीय तहमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिको क्षमता विकासका साथै नीति, कार्यक्रम, बजेट आदिमा दलित अधिकार स्थापित गर्न सहकार्य हुन जरुरी छ।
- दलित महिला जनप्रतिनिधिले भोगेका समस्या र चुनौतीको सामना गर्ने र दलित अधिकार स्थापित गर्ने काममा दलित भातृसंगठन र दलित महिला प्रतिनिधिबीच रणनीतिक सहकार्य हुन जरुरी छ।

**सामाजिक संघसंस्था**

- स्थानीय तहमा निर्वाचित दलित महिला जनप्रतिनिधिको क्षमता अभिवृद्धि गर्ने, अनुभव आदान-प्रदान गर्ने र नयाँ ज्ञान आर्जन गर्नका लागि दलित समुदायसँग सम्बन्धित सामाजिक संघसंस्थाले केही हदसम्म काम गरेका छन्। सामाजिक संघसंस्था सबै क्षेत्रमा पुगेर सबै दलित समुदायका महिला जनप्रतिनिधिको क्षमता अभिवृद्धि गर्न सम्भव नभएका कारण सीमित क्षेत्रमा नै भए पनि पुगेका छन् र दलित महिला जनप्रतिनिधिलाई सहयोग पुऱ्याएका छन् जुन सकारात्मक छ। यसरी गरिने सहयोगको दायरा फराकिलो पार्ने र निरन्तर आवश्यक सहयोग उपलब्ध गराउने काम सामाजिक संघसंस्थाले गर्न सक्छन्।
- सामाजिक संघसंस्थाले राजनीतिक रूपमा प्रतिनिधित्व गरिरहेका स्थानीय तहका दलित महिला प्रतिनिधिको अनुभव साटासाट गर्नुका साथै दलित र महिलाका सवालमा भएका संवैधानिक र कानुनी व्यवस्थाको कार्यान्वयन कसरी गर्ने, स्थानीय आवश्यकताका आधारमा कस्ता नीति, नियम र कार्यक्रम तयार पार्ने र कार्यान्वयन गर्ने आदि सवालमा रणनीतिक योजना बनाएर कार्यान्वयन गराउन सक्छन्।
- दलित महिला जनप्रतिनिधि जात र लिङ्गका आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष विभेद र हिंसामा परिरहेका छन्। यस्ता घटनामा पीडितको पक्षमा कानुनी संघर्ष गर्ने काममा पनि सामाजिक संघसंस्थाले सहयोग गर्न सक्छन्।

## सन्दर्भ सामग्री


आहुति। वि.सं. २०६७। *नेपालमा वर्णव्यवस्था र वर्ग संघर्ष*/ काठमाडौं, समता फाउण्डेशन।

डिग्नीटी इनिसियटिभ।सन् २०१७। *संघीय निर्वाचनमा दलित प्रतिनिधित्व*/अप्रकाशित। काठमाडौं, डिग्नीटी इनिसियटिभ।

डिग्नीटी इनिसियटिभ।सन् २०२०। *स्थानीय सरकारमा दलित प्रतिनिधित्व*/ अप्रकाशित। काठमाडौं, डिग्नीटी इनिसियटिभ।

नेपालको संविधान, २०७२। नेपाल राजपत्र।

विश्वकर्मा, जेबी। वि.सं. २०७६। *नेपालमा समृद्धिको बहस र दलित*/नीति-पत्र। काठमाडौं, डिग्नीटी इनिसियटिभ।

स्थानीय तह निर्वाचन ऐन, २०७३। काठमाडौं, नेपाल कानुन आयोग।

Tamang, Dr. Seira and John Tynnela. 2018. Rule of the Game: Institutional Challenges for Women's Participation in Local Democratic Governance (unpublished). Kathmandu, Governance facility in collaboration with Democracy Resource Center.

**प्रकाशक**


FEDO

**दलित महिला संघ (फेडो)**
कुपण्डोल, ललितपुर
फोन नं: +९७७९१०५५४३९८६
फ्याक्स:+९७७९१०५५२०९८२
इमेल: dms.fedo@gmail.com
वेब: http://www.fedonepal.org
फेसबुक: fedonepal

**सहयोग**

DCA actalliance

Dan Church Aid